**जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुनसक्छ ।**

- सावधानीपूर्वक सवारी साधन चलाऔं।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ती बालेर मात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको निःशुल्क टेलिफोन नं. १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ पुस ०८ गते शुक्रवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 December 23 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११५

## ईरिक्शाको कारण वीरगंजको ट्राफिक व्यवस्था गन्जागोल

नितेश कर्ण, वीरगंज, ७ पुस⁄

वीरगंजमा ईरिक्शा र टेम्पो सवारी मापदण्डविपरीत सञ्चालन भइरहेको पाइएका छन् । यातायात व्यवस्था विभागले ईरिक्शा, टेम्पोलाई राजमार्गमा चलाउन निषेध गरेको छ। सो आशयको परिपत्र पठाएको निकै दिन भइसक्यो तर सम्बन्धित कार्यालयले कार्यान्वयन गर्न सकेको छैन ।

यातायात व्यवस्था कार्यालय, वीरगंज र जिल्ला ट्राफिक कार्यालय, पर्साले यस विषयमा कुनै चासो देखाएका छैनन् । जसले गर्दा परवानीपुरदेखि रक्सौलसम्म पृथ्वी राजमार्गमा ईरिक्शा, टेम्पो निर्बाधरूपमा सञ्चालनमा छन् ।



तस्वीरः



यसैगरी, वीरगंज महानगरपालिकाले ईरिक्शा सञ्चालनको लागि मापदण्ड तय गरेको छ। तर त्यो मापदण्डलाई पनि ईरिक्शा सञ्चालकले मानेका छैनन्। महानगरले ईरिक्शाको लागि दशवटा रूट निर्धारण गरेको छ तर ती रूटको पनि पालना गरिएको छैन ।

यसैगरी, ईरिक्शाहरूले जथाभावी रूट कायम गरेर भाडा लिने गरेका छन्।

वीरगंज महानगरपालिकाले ईरिक्शा सञ्चालक पदाधिकारीहरूलाई दररेट निर्धारणको लागि बारम्बार ताकेता गर्दै आएको छ तर कसैले पनि दररेट तोकेका छैनन्।

यसैगरी, वीरगंजमा ईरिक्शा भित्र्याउने क्रममा महानगर, यातायात व्यवस्था कार्यालय, जिल्ला ट्राफिक कार्यालयबीच महानगरमा भएको सहमति अनुसार ६५० वटा ईरिक्शा भित्र्याउने निर्णय भएको थियो तर अहिले जथाभावीरूपमा ईरिक्शाहरू सो सङ्ख्याभन्दा बढी सञ्चालनमा छन् । ईरिक्शा सञ्चालनमा रहे पनि सवारी चालक अनुमतिपत्र भने थोरैसँग मात्र छ । यातायात व्यवस्था कार्यालय लाइसेन्सले दुईपटक ईरिक्शा चालकहरूको लागि फाराम आह्वान गरेको थियो तर तीन सयभन्दा बढीले सवारी चालक अनुमतिपत्र नलिएको सो कार्यालयबाट थाहा भएको छ ।

अहिले वीरगंजमा लाइसेन्स नलिएर ईरिक्शा सञ्चालन गर्नेहरूको सङ्ख्या बढी छ। पाका र काँचा उमेरका सबैले ईरिक्शा चलाएर जीविकोपार्जन गर्दै आएका छन् । महानगर, यातायात र ट्राफिक तीनवटै तहले ईरिक्शा सञ्चालनलाई सुधार गर्न सकेका छैनन्। जथाभावीरूपमा ईरिक्शा सञ्चालन भएकाले वीरगंजको ट्राफिक समस्या बढ्दो छ। तोकिएको मापदण्ड पूरा गरी रूटमा सञ्चालन नहुने र जथाभावी सडकमा यात्रीहरू चढाउने, ओराल्ने र तोकिएका मापदण्डबाहेक पार्किङ गर्ने समस्याले वीरगंजको ट्राफिक व्यवस्था अहिले ईरिक्शाका कारण गिजोलिएको छ ।

## विद्यार्थीलाई म्याद सकेको खोप दिएपछि सिराहामा विवाद

प्रस, सिराहा, ७ पुस⁄

सिराहाका विद्यार्थीलाई कोरोनाविरुद्ध म्याद गुज्रिएको फाइजर खोप दिएपछि विवाद भएको छ ।

पुस ५ देखि ७ गतेसम्म सिराहाका




तस्वीरः फाइल

विभिन्न पालिकास्थित सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई खोप लगाउने कार्यक्रम थियो । १२ वर्ष वा सोभन्दा माथि उमेर समूहका बालबालिकालाई लगाउन ल्याइएको खोपको म्याद गुज्रिसकेको पाइएको हुँदा विद्यार्थीले खोप लगाउन अस्वीकार गरेपछि विवाद भएको हो ।

जिल्लाको सिराहा नगरपालिका, मिर्चैया, कल्याणपुर, कर्जन्हा र लहान नगरपालिका स्थित सामुदायिक विद्यालयका विद्यार्थीलाई कोभिड–१९ विरुद्धको फाइजर खोप लगाउन अभियान थालिएको छ। उक्त अभियानका लागि स्वास्थ्य कार्यालय, सिराहाले प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र, जनकपुरधामबाट म्याद गुज्रिएका २० हजार डोज खोप ल्याइएको जनाएको छ ।

बालबालिकालाई लगाउन ल्याइएको अमेरिकामा बनेको फाइजर खोपको न्यापरमा प्रयोग गर्न मिल्ने अन्तिम म्याद नोभेम्बर २०२२ उल्लेख छ । जिल्लाको चन्द्र माध्यमिक विद्यालयका विद्यार्थीले म्याद गुज्रिएको खोपबारे गुनासो गरेका छन् । म्याद गुज्रिएको खोप लगाउँदा स्वास्थ्यमा समस्या हुन सक्ने भनेर केही विद्यार्थीले खोप नलगाएको र विद्यालयका प्रअलाई गुनासो गरेको सो विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले बताएका छन्। म्याद गुज्रिएको खोप भन्दै विद्यार्थले विरोध गरेको र लगाउन नमानेका कारण चन्द्र माविमा खोप कार्यक्रम रोकिएको छ ।

यस सम्बन्धमा स्वास्थ्य कार्यालय, सिराहाका खोप फोकल पर्सन रामविनय यादव भने खोपको लिखित म्याद गुज्रिएको देखे पनि यसको गुण तथा काम गर्ने क्षमतामा भने म्याद नगुज्रिएको दाबी गर्छन् । म्याद गुज्रिएको खोप लगाउने काम कुनै भूलचूकवश नभएको फोकल पर्सन यादवको भनाइ छ। "कुनै भूलचूक वा धोकाबाट पठाएको खोप होइन। म्याद गुज्रिएको देखेपछि विज्ञ टोलीले स्वास्थ्य मन्त्रालयमा बसेर निर्णय गरी तीन महीना म्याद थप गरेर पठाएको खोप हो ।" अझै तीन महीना उक्त खोप लगाउन मिल्ने ठहर भएकोले सोही आधारमा बालबालिकालाई लगाउने काम भइरहेको उनले बताए । जनकपुरधामस्थित प्रदेश स्वास्थ्य आपूर्ति केन्द्रबाट १० दिन पहिले २० हजार डोज फाइजर खोप बुझी लिएर जनस्वास्थ्य कार्यालयले खोप अभियान चलाएको हो । पहिलो चरणको पालिकाहरूमा अभियान सम्पन्न भएपछि मौजुदा खोपको आधारमा अन्य पालिकाहरूमा पनि खोप अभियान चलाइने यादवले बताएका छन् ।

स्वास्थ्य सेवा विभाग अन्तर्गतको परिवार कल्याण महाशाखाले कोभिड–१९ विरुद्धको खोपको 'सेल्फ लाइफ एक्सटेन्सन' गरिएको भन्दै २० कात्तिकमा सातवटै प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र र ७७ वटै स्वास्थ्य कार्यालयलाई पत्राचार गरेको छ ।

फाइजर खोपको उपभोग्य म्याद सकिने मिति नौ महीना उल्लेख भएपनि नौबाट १२ महीना कायम भएको भन्ने बेहोराको पत्र स्वास्थ्य निर्देशक डा विवेककुमार लालले पठाएको जनस्वास्थ्य कार्यालय, सिराहाले जनाएको छ। सोही पत्रको आधारमा खोप दिन थालिएको कार्यालयले जनाएको छ ।

महाशाखाले पठाएको पत्रमा नोभेम्बरमा म्याद सकिएको खोपको तीन महीना म्याद थप भएको र आगामी फेब्रुअरीसम्म कायम भएको उल्लेख छ।

## युवा राजनीतिमा आउनुपर्छ –मुख्यमन्त्री गद्दी

प्रस, वीरगंज, ७ पुस⁄

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दीले नेपाल जेसीजको इतिहास



सदैव देशमा शेरबहादुर देउवा, पुष्पकमल दाहाल प्रचण्ड, माधवकुमार नेपाल, केपीशर्मा ओली नै प्रधानमन्त्री बन्ने हो

निकै लोभलाग्दो र आकर्षणयुक्त भए तापनि महाधिवेशनलाई साथीभाइसँग भेटघाट र मोजमस्तीभन्दा देशमा नेतृत्व लिनको लागि युवालाई प्रेरणा मिलोस् भन्नेतिर सोच्नुपर्ने सुझाव दिए ।

वीरगंजमा बिहीवारदेखि शुरू नेपाल जेसीजको ४९औं महाधिवेशनको उद्घाटन गर्दै प्रमुख अतिथि मुख्यमन्त्री गद्दीले नेपालको राजनीतिमा उमेर पुगिसकेका नेताहरूकै हालीमुहाली रहेको बताए । भने युवाहरू किन राजनीतिमा आउने ? उनले प्रश्न गरे । उनले नेपाल जेसीजले देश हाँक्ने नेता पनि पैदा गर्नेतर्फ विचार गर्न जरुरी भएको बताउँदै वर्षमा एकपटक खानपान र भेटघाटको लागि महाधिवेशन नगर्न सुझाए ।

नेपाल हेर्ने अन्तर्राष्ट्रिय जेसीजकी उपाध्यक्ष भारत राँची निवासी राखी जैनले जेसीजले युवा शक्तिलाई सङ्गठित गर्ने र नेपाल जेसीजले विश्वको र्‍याकिङमा राम्रो काम गरी उत्कृष्ट १० भित्र आफ्नो स्थान ल्याउनुपर्ने बताइन्।

जैनले महाधिवेशनबाट निकै खुशी भएको र सम्मेलन निर्देशक गोपाल केडियाको व्यवस्थापकीय पक्षबाट आकर्षित भएको बताइन् । उनले जेसीजको सभामा मुख्यमन्त्रीदेखि प्रदेश सांसदको उपस्थितिले थप गौरव बढाएको बताइन् ।

नेपाल जेसीजका अध्यक्ष लालमणि भण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेशसभा सदस्य श्याम पटेल, रहबर अन्सारीलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा राम्रो काम गरेका जिल्ला शाखालाई मायाको चिनो र पुरस्कारसमेत दिइएको थियो ।

आजदेखि शुरू महाधिवेशनमा देशभरबाट करीब एक हजार ४०० जेसीजकर्मीको सहभागिता छ ।

चार दिने कार्यक्रममा एक वर्षको लागि पदाधिकारी निर्वाचित हुनेछन् । १६ पदको लागि करीब ३२ जना आकाङ्क्षीहरू छन्। पुस ९ गते राति मतदान र १० गते पदाधिकारी निर्वाचित हुने कोषाध्यक्ष सन्तोष खनालले बताए ।

## नपढाइएको विषयमा प्रश्न सोधिएपछि उत्तरपुस्तिका रित्तो

धर्मेन्द्र चौरसिया, पोखरिया, ७ पुस⁄

पर्साको बहुदरमाई नगरपालिकास्थित नेपाल राष्ट्रिय मावि, डकैला बहुअरीका विद्यार्थीहरूले बुधवार लिइएको जनसङ्ख्या विषयको परीक्षामा खाली कापी बुझाएका छन् ।

दोस्रो त्रैमासिक परीक्षा अन्तर्गत हिजो जनसङ्ख्या विषयको परीक्षा थियो। तर सहभागी कक्षा १० का विद्यार्थीहरूले उत्तपुस्तिका पढाइ नै भएको छैन भने के लेख्ने भनी उत्तर दिएर उत्तरपुस्तिका बुझाएका थिए ।

विद्यार्थीहरूले सो विषयमा पाँच प्रतिशत पनि पढाइ नभएको भन्दै नपढेको विषयमा कसरी उत्तर दिने भनेर खाली उत्तरपुस्तिका बुझाएका हुन्। विद्यालयका प्रधानाध्यापक अजय यादवले जनसङ्ख्या विषयका एकजना शिक्षिकाको तीन महीनाअघि सरुवा भएको र उनको स्थानमा पालिकाले अर्को शिक्षक व्यवस्था नगर्दा यसो भएको बताए। उनले अर्को शिक्षकको व्यवस्था नभएर जनसङ्ख्या विषय पढाउने शिक्षिकाको आफूले सरुवा रोक्न खोजेको तर शिक्षिका देवकी केसीले ८५ प्रतिशत अध्ययन गराइसकेको भनेकी र उनको सरुवामा आएको राजनीतिक दबाब आफूले थेग्न नसकेर सरुवा गर्नुपरेको बताए । उनले यसबारेमा पालिकाको शिक्षा शाखाको ध्यानाकर्षण गराएको तर सुनवाइ नभएको बताए । पालिकाका शिक्षा शाखा प्रमुख पार्वती पौडेलले आफूले पनि सामाजिक सञ्जालबाट घटना थाहा पाएको बताइन् । उनले यसबारेमा प्रअसँग समन्वय गरेर समस्या चाँडोभन्दा चाँडो समाधान गर्ने बताइन् ।

## महानगरले बनाएको नाला र सडक भत्काइयो

प्रस, वीरगंज, ७ पुस⁄

वीरगंज महानगरपालिका–४ भगवती राइस मिल एरियामा महानगरले साढे दुई दशकअघि बनाएको नाला र सडक एकजना जग्गाधनीले बिहीवार साँझ आफ्नो नम्बरी जग्गामा परेको भनेर भत्काएका छन् ।

वीरगंज महानगरले सो क्षेत्रमा साढे दुई दशकअघि कालोपत्र गरेको थियो भने डेढ दशकअघि पक्की नाला बनाएको थियो ।

सो बखतदेखि खाली रहेको जग्गाका धनी राजेन्द्र अग्रवालले आज साँझ एक्साभेटर प्रयोग गरेर सडक, नाला खनेको स्थानीयले बताए ।

अग्रवालले नापीबाट जग्गा नापजाँच गराएको र नाला, सडकमा आफ्नो नम्बरी जग्गा परेको भन्दै खनेका थिए। स्थानीयले महानगरपालिकाले सडक, पक्की नाला बनाउँदा आसपासका सबैजनाको जग्गा सडक, नालामा परेको बताए ।

अग्रवालको जग्गा लामो समयसम्म खाली रहेको र अहिले उनले सडक, नालामा परेको जग्गा दाबी गरी खाली गर्नु न्यायोचित नभएको वडाध्यक्ष जगत साह कानूले बताए । सडक, नालालाई बाधा व्यवधान नगरी अग्रवालले निर्माण गर्नुपर्ने अन्यथा वडापालिकाले हस्तक्षेप गर्ने उनले बताए ।

## विद्यालय वर्गीकरण तथा शुल्क निर्धारणविरुद्ध अदालतको अन्तरिम आदेश

प्रस, वीरगंज, ७ पुस⁄

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजले बिहीवार वीरगंज महानगरपालिकाको नाममा अन्तरिम आदेश जारी गरेको छ ।

महानगरले हालै गरेको विद्यालय वर्गीकरण तथा शुल्क निर्धारणविरुद्ध अदालतले अन्तरिम आदेश जारी गरेको हो । राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएशन नेपालको तर्फबाट प्रमोदकुमार रायमाझीले दिएको रिट निवेदनमा अदालतले अन्तरिम आदेश जारी गर्दै महानगरलाई १५ दिनभित्र लिखित जवाफ पेश गर्न भनेको छ ।




तस्वीरः फाइल

रिटको अन्तिम सुनुवाइ नहुन्जेलसम्मको लागि महानगरको विद्यालय स्तरीकरण शुल्क निर्धारण समितिले गरेको विद्यालय वर्गीकरण तथा शुल्क निर्धारणसम्बन्धी निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेको छ ।

न्यायाधीश सुदर्शनदेव भट्टको इजलासले शिक्षा नियमावलीले विद्यालयको स्तर तथा शुल्क निर्धारणको लागि तोकेको मिति अघिसम्म हुने हुँदा सो अवधिसम्म कार्यान्वयन नगर्न भनिएको छ ।

## विचारसार र सूक्तिहरू

**प्रत्येक दिनको सुरुआत कृतज्ञ भाव राखेर सकारात्मक विचारका साथ गर ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


## राम्रो काम

**जसले गरे पनि असल नियतले जनहितको लागि गरिने काम राम्रै हुन्छ। राम्रो काम गर्ने व्यक्ति वा संस्था धन्यवादका पात्र हुन्। कृतज्ञता वा आभार प्रकट गर्नु नगर्नु चाहिं व्यक्तिको हेराइ र बुझाइमा भर पर्छ। सार्वजनिक सडकमा राखिएको ट्रक वीरगंज महानगरपालिकाले तान्यो । बाइपास सडक किनारामा लामो समयदेखि राखिएको ट्रक पटक–पटक सूचना जारी गर्दा पनि कसैले आफ्नो दाबी नगरेपछि महानगरले नियन्त्रणमा लिएको हो। सडक अतिक्रमण हटाउने र सुरक्षित गर्ने क्रममा महानगरले बेवारिसे ट्रक फेला पारेको थियो ।**

**सार्वजनिक सडक सवारीसाधन सञ्चालनको लागि हो । यो पार्किङको लागि, खलियान, भण्डारण वा वर्कशपको लागि होइन । हाम्रा सार्वजनिक सडकहरू पार्किङस्थलको रूपमा प्रयोग भइरहेका छन्। ठूलादेखि साना सवारीसाधनहरू सडकमा पार्किङ गरिएका छन् । सडकमा गुड्दागुड्दै केही समय पार्किङ हुनु स्वाभाविक हो। यहाँ त काम गर्न अन्यत्र पठाउने र पार्किङको लागि चाहिं सडकमा ल्याएर उभ्याउने गरिन्छ । सवारीसाधन खरीद तथा सञ्चालन गर्न सक्ने सक्षम कतिपय यातायात व्यवसायीहरूले नै सार्वजनिक सडकलाई पार्किङस्थलको रूपमा प्रयोग गरिरहेका छन् । त्यसैगरी, कबाड सवारीसाधन खरीदकर्ताहरूले बिग्रे, भत्केका सवारीसाधन खरीद गर्ने र त्यसलाई सडक किनारामा खडा गर्छन् । उनीहरू कबाड खरीद गर्न आउने पार्टीलाई समेत सडकमैं देखाउँछन् । मानौं सडक उसको कबाड गोदाम र सेल्स स्टोर दुवै हो । यसैगरी, सडकनजीकका वर्कशपहरूले सडक किनारालाई वर्कशप बनाएका छन्। वर्कशपभित्र भन्दा बढी काम सडक किनाराबाट भइरहेका छन् । नगर क्षेत्रको अवस्था यस्तो छ भने ग्रामीण क्षेत्रका सडकहरू चौपाया बाँध्ने गोठ र अन्नबाली सुकाउने खलियानका रूपमा प्रयोग भइरहेका छन् । सडक किनारामा राखिएका सवारीसाधन तथा निजी सामग्रीहरूका कारण दुर्घटना धेरै हुने गरेका छन्। त्यसैगरी, निर्माण सामग्री र सडकमा राखिएका अन्नबालीका कारण दुर्घटना हुने क्रम पनि बढ्दो छ । जनसङ्ख्या वृद्धि र सवारीसाधनको चाप बढेसँगै सडक साँघुरो बन्दैछ। समाज विकासको प्रमुख आधार सडक हो। यसको सदुपयोग र संरक्षणमा समाजको चेतनास्तर झल्कन्छ। हिजोका दिनमा फराकिलो लाग्ने सडक आज सानो गल्लीमा रूपान्तरण भइरहेका छन् । त्यसमा पनि अतिक्रमणले सडकलाई कुरूपसमेत बनाएको छ ।**

**सडक अतिक्रमणमुक्त गरिनु नागरिकको हितको मात्रै कुरा नभएर सम्बन्धित क्षेत्रका सामाजिक प्रतिष्ठाको कुरा पनि हो । सार्वजनिक सडक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक र प्राकृतिक सम्पदा संरक्षण सम्बन्धित पालिकाको जिम्मेवारी तथा दायित्वमा पर्छ। वीरगंज महानगरपालिकाले आफ्नो जिम्मेवारी क्षेत्र अन्तर्गत सडक अतिक्रमण हटाउने अभियान थालेको छ। अभियान विगतमा पनि चलेको हो। सुस्ताएको अभियानलाई पुनर्ताजगीका साथ सञ्चालन गर्न लागेकोमा महानगरलाई धन्यवाद दिनै पर्छ। अब बेवारिसे सवारी मात्रै होइन कि, इजाजतबेगर पार्किङमा राखिएका सवारी र सामग्रीहरू सबै तान्नुपर्छ। कुनै पनि अभियानलाई पूर्णता दिने बाटोमा केही जोखिमहरू आउँछन् । विचलित नभई अगाडि बढे सफलता निश्चित छ । महानगरका नयाँ पदाधिकारीहरूले नयाँ जोश, जाँगरका साथ पुनः सुचारु गरिएको सडक अतिक्रमणविरुद्धको अभियान अब अधकल्चो नबनोस् ।**

# गठबन्धन सरकारको निरन्तरतामा प्रचण्डको अहम् भूमिका

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**नेपाली जनताले पाँच वर्ष अघि वामपन्थी गठबन्धनलाई झन्डै दुईतिहाई बहुमत प्रदान गरी देशमा राजनीतिक स्थायित्व नै चाहेको थियो तर दुर्भाग्य त्यस जनादेशको सम्मान हुन सकेन । यसपटक पनि नेपाली जनताले गठबन्धन सरकारकै लागि सामान्य बहुमत दिएको छ, तसर्थ यस जनादेशको सम्मान हुनुपर्छ ।**

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई अस्थिर राजनीतिज्ञको रूपमा विश्लेषण गर्नेहरूको जमात पनि ठूलो सङ्ख्यामा छ। खासगरी लोकतान्त्रिक कित्ता र कतिपय वाम बुद्धिजीवी एवं विश्लेषकहरू पनि उनलाई यसै रूपमा हेर्ने गर्दछन् तर अध्यक्ष प्रचण्ड भने अस्थिर राजनीतिज्ञको सट्टा आफूलाई गतिशील राजनीतिज्ञको रूपमा व्याख्या गर्ने गर्दछन् अथवा दाबी गर्दछन्। उपरोक्त विषयबारे बहस र छलफल हुँदै गर्दा तर देशको अहिलेको सङ्कटपूर्ण राजनीतिक अवस्थामा एकपटक फेरि पनि उनको भूमिका निर्णायक र महत्त्वपूर्ण साबित हुन सक्दछ। अस्तित्वमा रहेको सत्ताधारी गठबन्धनलाई निरन्तरता दिएर देशमा राजनीतिक स्थायित्व कायम गरी आर्थिक समृद्धिको बाटोमा लाग्ने भूमिका निर्वाह गर्न सक्दछन् । एकपटक फेरि उनलाई किङ्मेकर बन्ने साइत जुरेको छ । प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारलाई निरन्तरता दिएर उनी आफ्नो राजनीतिक उचाइ बढाउन सक्छन् ।

२०६४ सालको निर्वाचनमा माओवादीलाई देशकै सबैभन्दा ठूलो पार्टी बनाएपछि गणतन्त्र नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री बनेका प्रचण्ड अहिले सत्ता गठबन्धनको साथमा छन् र गठबन्धनमा उनको पार्टीको भूमिका दोस्रो ठूलो दलको रूपमा रहेको छ। अहिलेको सत्ता गठबन्धनले निरन्तरता पाएको हेर्न नचाहने तथा परिवर्तन र लोकतन्त्रका विरोधी पक्षहरूले सत्ताधारी गठबन्धन विरुद्ध दुष्प्रचार गर्न लगाएका छन्। केहीले प्रधानमन्त्रीको पद नपाएको अवस्थामा गठबन्धन छोड्न सक्ने अनुमान गरिरहेका छन् तर यसको सम्भावना देखिंदैन किनभने मङ्सिर ४ गते भएको आम निर्वाचन र गत वैशाख ३० गते भएको स्थानीय निर्वाचनमा गठबन्धनबाट सबैभन्दा बढी लाभान्वित माओवादी केन्द्र नै भएको छ। कथम्कदाचित गत वर्षको फागुन महीनामैं ओली सरकारले प्रतिनिधिसभा निर्वाचन गराएको भए नेकपा माओवादी झन्डै सिद्धिने थियो। नेकपा एमालेका अध्यक्ष केपीशर्मा ओलीले त सम्पूर्ण संयन्त्रको दुरुपयोग गरेर आफ्नो पार्टीलाई दुईतिहाई बहुमत दिलाउने योजना बनाएका थिए। यसको सोझो असर माओवादीमाथि नै पर्ने थियो। त्यतिबेला एमालेले माओवादीका प्रभावशाली नेताहरू रामबहादुर थापा र लेखराज भट्टलगायत आधा दर्जन आफ्नो पार्टीमा प्रवेश गराएका थिए । माओवादीका गाउँ–गाउँका नेता र कार्यकर्तालाई एमालेले नै आफ्नो पार्टीमा प्रवेश गराएको थियो। त्यति बेला नेपाली काङ्ग्रेसले सहयोग गरी सर्वोच्च अदालतमा सहभागी नभएको भए, सडक आन्दोलन नगरेको भए माओवादीलाई झन्डै झन्डै सिध्याउने काम भइसकेको थियो ।

वर्तमान अवस्थामा नेपाली राजनीतिको अस्थिर चरित्रलाई सुधार गर्न र देशमा राजनीतिक स्थायित्व कायम गर्न पनि हालको सत्ताधारी गठबन्धन कायमै रहनु आवश्यक छ । माओवादी अध्यक्ष प्रचण्ड स्वयंले पनि निर्वाचन अघि वाम लोकतान्त्रिक गठबन्धनलाई चुनावपछि पनि कायम नै राख्ने बताउँदै आएका थिए । उनले गठबन्धन कायम राख्ने नेपाली काङ्ग्रेसको निर्णयको पनि स्वागत गरेका थिए। आफ्नो वक्तव्यमा उनले काङ्ग्रेसले गरेको निर्णयको प्रशंसा गर्दै आफ्नो पार्टीले पनि वर्तमान गठबन्धनसँग नै जाने निर्णय गरेको भन्दै यो गठबन्धनमा यताउता गर्ने भन्ने हाम्रो कहीं कतै सोच नभएको भनेका थिए । बाबुरामजी पनि यसै गठबन्धनमा छन् तसर्थ यो गठबन्धन कुनै हालतमा छोडिंदैन भनेका थिए ।

उनले यस अघि नै तत्कालीन प्रधानमन्त्री केपीशर्मा ओलीले प्रतिगामी कदम चालेको र त्यसविरुद्ध गठबन्धन बनाइएकोले अहिलेको गठबन्धनको विकल्प नभएको बताउँदै आएका छन् । २०७७ पुस ५ गते तत्कालीन प्रधानमन्त्री केपीशर्मा ओलीले असंवैधानिकरूपमा संसद् विघटन गरेपछि प्रचण्डकै पहलमा अहिलेको गठबन्धन बनेको थियो । गठबन्धनको औचित्य प्रस्ट पार्दै उनले नेकपा एमालेसँग पार्टी एकता गर्नु वस्तुतः सही भए पनि केपीशर्मा ओली र उनको गुटमा देखापरेको अहङ्कार, पदलोलुपता, आत्मसमर्पणवाद र दक्षिणपन्थी अवसरवादका कारण नेकपा विभाजन भएको हो। ओलीले पार्टीलाई दक्षिणपन्थी कित्तामा उभ्याउने सरकारलाई आफूनिकट व्यक्ति पोस्ने र दलाल नोकरशाही पूँजीवाद हुर्काउने साधनको रूपमा दुरुपयोग गरेको सङ्घीयता, गणतन्त्र र संविधानमाथि नै आक्रमण गरेको कारण हामीले गठबन्धन बनाएका हौं भनेका थिए ।

ओलीले प्रधानमन्त्री पदमा पुग्न र निरङ्कुश बन्नका लागि मात्र पार्टी एकता गरेको क्रमशः प्रस्ट हुँदै गएकोले ओलीसँग मिल्न सक्ने कुनै सम्भावना नरहेको पनि प्रस्ट पारेका थिए। राष्ट्रपति विद्यादेवी भण्डारीले पनि ओलीले गरेका असंवैधानिक कदमलाई आँखा चिम्लेर समर्थन गरेकोमा उनी रुष्ट थिए । संविधानको रक्षा, लोकतन्त्रको संस्थागत विकास, सङ्घीयताको पूर्ण कार्यान्वयन, प्रतिगमनलाई पूर्णरूपमा परास्त गर्न र शान्ति प्रक्रियाको बाँकी कामको पूर्णता जस्ता जिम्मेवारी गठबन्धनको रहेकोले अहिले यस गठबन्धनको विकल्प नभएको उनले बताएका थिए ।

यसरी गठबन्धनको विकल्प नभएको बताउने प्रचण्डलाई अहिले एमाले अध्यक्ष ओलीले विभिन्न अफर देखाएर आफूतिर तान्ने प्रयास गरिरहेका छन्। तर प्रचण्ड भने आफूले विगतमा गरेका गल्तीहरूलाई स्वीकार गर्नुको साटो ओली आत्मकेन्द्रित भएको टिप्पणी गर्दै विश्वास गर्न नसकिने बताउँदै आएका छन् । नेकपा माओवादीको एक दशक लामो सशस्त्र सङ्घर्षलाई तथानाम आरोपित गर्ने र त्यसको अवमूल्यन गर्ने काम ओलीले नै गर्दै आएका थिए ।

२०७२ सालमा पनि ओलीले आधा कार्यकाल प्रधानमन्त्री बन्ने सहमति भएको र अन्तिममा धोका दिएको र २०७७ सालमा पनि प्रचण्डलाई धोका दिंदै संसद् विघटन गरेको तीतो यथार्थ प्रचण्डले भरसक बिर्सेका छैनन्। यतिका बावजूद प्रचण्डले ओलीसित तालमेल गरी नयाँ सरकार बनाउने प्रयास गरे त्यो उनको निम्ति आत्मघाती कदम हुनेछ।

वर्तमान राजनीतिक परिस्थितिमा यसै गठबन्धनलाई निरन्तरता दिनुको विकल्प छैन । विगतमा पनि नेपाली काङ्ग्रेसले सहमति अनुसार २०७३ सालमा प्रचण्डलाई प्रधानमन्त्री बन्न सहयोग गरेको उदाहरण छँदैछ । प्रचण्डलाई २०७२ सालमा ओलीले धोका दिएपछि काङ्ग्रेसले नै सहारा दिएको थियो । त्यतिबेला देउवाले सहमति अनुसार नै प्रचण्डलाई पहिले प्रधानमन्त्री बनाएका थिए । अहिले पनि नेपाली काङ्ग्रेससित तालमेल गरेर शुरूमा आधा कार्यकाल शेरबहादुर देउवालाई र पछिको आधा कार्यकाल प्रचण्डलाई प्रधानमन्त्री बनाउनेगरी सहमतीय सरकारको गठन हुन सक्दछ । यसरी अहिलेको गठबन्धन पनि अस्तित्वमा रहि रहने छ र देशमा राजनीतिक स्थायित्व पनि कायम रहने छ। प्रचण्डमाथि लाग्दै आएको अस्थिर चरित्रका राजनीतिज्ञको आरोप पनि सधैंका निम्ति समाप्त हुनेछ। अहिले पनि पहिले देउवालाई प्रधानमन्त्री बन्न दिने र त्यसपछि प्रचण्ड प्रधानमन्त्री बन्दै मुलुक र जनताको हितमा काम हुन सक्नेछ । साथै जनताले दिएको मतादेश अथवा जनादेशको सम्मान पनि हुनेछ । यस्तो भएमा प्रचण्डको पनि राजनीतिक सफलता मानिने छ । जनता पनि आफू ठगिएको महसूस गर्ने छैन । कहिल्यै कम्युनिस्टलाई मत दिन नसक्ने लोकतन्त्रवादीहरूले पनि गठबन्धनको कारण माओवादीलगायत वामपन्थीलाई यसपालि मतदान गरेका छन् । यसर्थ जनताको भावना, चाहना र मतादेशको सम्मान हुनुपर्छ । प्रचण्ड आफ्नो विश्वसनीयता कायम राख्नेछन् किनभने उनी सम्मानित राष्ट्रनेता हुन् ।

अहिले अस्तित्वमा रहेको सत्ताधारी गठबन्धनले भर्खरै सम्पन्न निर्वाचनमा राम्रो प्रदर्शन गरेको कारण यसले नयाँ सरकार गठनको दाबी गर्नेछ । नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा नेतृत्वको अहिलेको गठधबन्धन सरकारले प्रतिनिधिसभामा १३२ सिट हासिल गरेको छ जबकि यसका चुनावका सहयोगी लोकतान्त्रिक समाजवादी पार्टीले भने चार सिट हासिल गरेको छ । सत्ताधारी गठबन्धनका दलहरूभित्र सामञ्जस्य र एकजुटता रहेमा नयाँ सरकार गठनमा समस्या नआउने निश्चित छ । देशमा राजनीतिक स्थायित्वका लागि र देशको द्रूत आर्थिक विकासका लागि यसै गठबन्धनले निरन्तरता पाए हुन्थ्यो भन्ने व्यापक जनमत रहेको छ। हालै सम्पन्न निर्वाचनको परिणाम यसैको सङ्केत हो। राजनीतिमा दलीय र पदीय महत्त्वाकाङ्क्षा हुनु स्वाभाविक हो। तर वर्तमानको जटिल राजनीतिक अवस्थामा देशले राजनीतिक स्थायित्व प्रदान गर्न सक्ने सरकारको उपस्थिति हेर्न चाहेको छ । सङ्घीय सरकार बलियो भएन भने यसको असर प्रादेशिक सरकारहरूको स्थायित्वमाथि पनि पर्न सक्नेछ। सत्ताधारी गठबन्धनका नेताहरू अनुभवी, परिपक्व र जिम्मेवार पनि छन् तसर्थ नयाँ सरकार गठनमा समस्या उत्पन्न नहुने निश्चित छ ।

नेपाली जनताले पाँच वर्ष अघि वामपन्थी गठबन्धनलाई झन्डै दुईतिहाई बहुमत प्रदान गरी देशमा राजनीतिक स्थायित्व नै चाहेको थियो तर दुर्भाग्य त्यस जनादेशको सम्मान हुन सकेन । यसपटक पनि नेपाली जनताले गठबन्धन सरकारकै लागि सामान्य बहुमत दिएको छ, तसर्थ यस जनादेशको सम्मान हुनुपर्छ। प्रत्येक वर्ष सरकारको नेतृत्व फेरिइरहने अवस्थाबाट जनता दिक्क भइसकेको छ।

# कुर्था–बिजुलपुरा रेलमार्ग छिट्टै नेपाललाई हस्तान्तरण गरिने

काठमाडौं, ७ पुस/रासस

जयनगर–बर्दिवास रेलमार्ग अन्तर्गत कुर्थाबाट बिजुलपुरासम्मको रेलमार्ग निर्माण लगभग सकिएको छ । सो खण्डमा आवासलगायतका थोरै निर्माण बाँकी रहेको र धेरै काम सकिएकाले भारतीय पक्षले हस्तान्तरण गर्न नेपाल सरकारलाई जानकारी गरेको रेल विभागले जनाएको छ ।

भारत सरकारले नेपाल सरकारलाई हस्तान्तरण गर्ने कुरा शुरू गरेको विभागका प्रवक्ता (सिनियर डिभिजनल इन्जिनीयर) अमन चित्रकारले बताए । उनले भने, "अब छिट्टै नै यो खण्ड सरकारलाई हस्तान्तरण हुन सक्छ ।"

बाँकी रहेका थोरै काम भारतीय पक्षले नै गर्ने प्रवक्ता चित्रकारले जानकारी दिए । पहिले हस्तान्तरण भएपछि नै बाँकी काम गरिसकिने उनको भनाइ छ। अहिले नै निर्माण शतप्रतिशत सकिएको नभए पनि जति संरचना सकिएको छ, त्यो हस्तान्तरण गर्न



तस्वीर : फाइल

भारतीय पक्षले भनेको उनले बताए । उनले भने, "हाम्रोतर्फबाट निर्णय भएपछि हस्तान्तरण हुनेछ ।"

अहिले भारतको जयनगरबाट धनुषाको कुर्थासम्म रेल सञ्चालनमा रहेको छ। रेलमार्ग हस्तान्तरण भएपछि महोत्तरीको बिजुलपुरासम्म नै रेल सञ्चालन गर्न सकिने प्रवक्ता चित्रकारले जानकारी दिए। अहिले नै कुर्थाबाट रेल बिजुलपुरासम्म जान सक्ने भइसकेको छ। रेल नियमितरूपमा बिजुलपुरासम्म सञ्चालन गर्न थप जनशक्ति आवश्यक हुनेछ । उनले भने, "भारत सरकारले हस्तान्तरण गरेर नेपाल रेलवे कम्पनीले आवश्यक जनशक्तिको व्यवस्थापन गरेर रेल चलाउन सक्नेछ ।"

भारतीय अनुदान सहयोगमा निर्माणाधीन सो रेलमार्गको मुख्य पूर्वाधारको काम सकिएको छ । बिजुलपुराबाट महोत्तरीको बर्दिवाससम्मको निर्माण पनि भारतीय पक्षले नै गर्नेछ। कुर्थासम्म रेलको लाइन पुरानो नै भएकाले जग्गाको ठूलो समस्या नभए पनि बिजुलपुराबाट बर्दिवास खण्डमा जग्गा प्राप्ति गर्नुपर्ने रेल विभागले जनाएको छ । अहिले धेरै जग्गा प्राप्त भइसकेकाले निर्माणमा जान सकिने प्रवक्ता चित्रकारले जानकारी दिए ।

भारतीय पक्षले कुर्थासम्मको खण्डमा पहिले रेलमार्ग भएकै ठाउँमा पुराना सबै पूर्वाधार हटाएर नयाँ निर्माण शुरू गरेको

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## किन हुन्छ डरलाग्दो मानव तस्करी ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

> **देशभित्र रोजगारका अवसर सृजना, न्यायिक सरकारको स्थापना र अपराध नियन्त्रण गरेर भने मानव तस्करी समस्या कम पार्न सकिन्छ। आधुनिक युगको यो कलङ्कमा केही मात्रामा भए पनि नियन्त्रण कायम गर्न सकिन्छ।**

प्रत्येक वर्ष करीब २ करोड व्यक्तिलाई मानव तस्करहरूले गृह देशबाट संसारका अनेक देश पुऱ्याउँछन्। आर्थिक प्रलोभनका कारण सोझासाझा मानिस मानव तस्करहरूको जालमा परेर अनेक देश पुग्छन् र कष्टकर जीवन बिताउन विवश हुन्छन्।

मानव तस्करहरूले प्रायः यौन शोषण र श्रम श्रोषणका लागि सोझासाझा मानिसलाई अनेक देश पुऱ्याउने गरेको पाइएको छ। यौन शोषण र श्रम शोषण संसारभरि हुन्छ। गरीब देशका नागरिक ठूलो सङ्ख्यामा मानव तस्करको जालमा परेर श्रम र यौन शोषणमा परेको तथ्याङ्कले देखाएको छ।

मानव तस्करहरूको जालमा परेर मानव तस्करीको शिकार हुन पुगेका व्यक्तिहरू जुन देश पुग्छन् र पुगेको देशको सरकार वा राज्यले उनीहरूसँग कस्तो व्यवहार गर्छ भन्ने विषय पनि महत्त्वपूर्ण हुन पुग्दछ। यसैगरी आफ्नो देशमा हुने मानव तस्करी रोक्न राज्य वा सरकारले कस्तो भूमिका खेलेको छ, त्यो कुरा पनि उत्तिकै महत्त्वपूर्ण छ।

आफ्नो देशमा हुने मानव तस्करी रोक्न कुनै देशले कस्तो भूमिका निर्वाह गरेको छ, त्यस कुरालाई आधार मानेर मानव तस्करी रोक्न प्रयत्नरत देशहरूको वर्गीकरण गरिएको छ। मानव तस्करी रोक्न प्रयत्नरत देशहरूमध्ये पहिलो तहमा पर्ने ती देश हुन्, जसले मानव तस्करी रोक्न आवश्यक कानून निर्माण गरेका हुन्छन् र कानून पालना पनि गर्छन्। अस्ट्रिया, बेल्जियम, क्यानाडा, फिनल्यान्ड, फ्रान्स, जर्मनी, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका आदि पहिलो तहमा पर्ने देश हुन्। दोस्रो तहमा ती देशहरू पर्छन्, जसले मानव तस्करी रोक्न आवश्यक कानूनको पर्याप्त व्यवस्था गरेका हुँदैनन् र भएका कानूनको पालना पनि उचित किसिमले गर्दैनन्। तर मानव तस्करी रोक्न उल्लेखनीय कार्य भने गरिरहेका हुन्छन्। बङ्गलादेश, ब्रजील, डेनमार्क, इजिप्ट, ग्रीस, हंगेरी, इराक, जापान, भारत, पाकिस्तान, नेपाल आदि दोस्रो तहमा पर्ने देश हुन्। तेस्रो तहमा ती देश पर्छन्, जसले मानव तस्करी रोक्न यथेष्ट कानून निर्माण गरेका हुँदैनन् र भएका कानूनको पालना पनि गर्दैनन् र मानव तस्करी रोक्न उल्लेखनीय प्रयास पनि गर्दैनन्। अफगानिस्तान, बेलारूस, कम्बोडिया, चीन, क्युबा, इरान, मकाउ, मलेशिया, उत्तर कोरिया, रूस, दक्षिण सुडान, सिरिया, भनेजुएला, तुर्कमेनिस्तान जस्ता देशहरू मानव तस्करी रोक्ने तेस्रो तहमा पर्दछन्।

गृह देशबाट अर्को देशमा जाने क्रममा मानव तस्करहरूले गरेको फितलो सुरक्षा व्यवस्था एवं जोखिमपूर्ण यात्राको साधन तथा मार्गले गर्दा बर्सेनि मानव तस्करीको शिकार हुने हजारौं मानिसको दुर्घटनामा ज्यान जाने गरेको छ, हत्या हुने गरेको छ। हजारौं जङ्गलमा हराएका एवं समुद्रमा डुबेको सुनिएको छ। तीन चार सयसम्म मानिस बोक्ने सानो डुङ्गामा एक हजार भन्दा बढी व्यक्ति सवार हुँदा सयौं डुङ्गा समुद्रमा डुबेको सुनिएको छ। यसैगरी एउटा देशको सीमाबाट अर्को देशको सीमामा प्रवेश गर्दा, मालवाहक ट्रकमा समाना सरह कोचिएर बसेको कारण सयौं व्यक्तिको निस्सासिएर मृत्यु भएको पनि सुनिएको छ। लिबिया, सोमालिया र येमन त्यस्ता मुलुक हुन्, जो मानव तस्करीका लागि कुख्यात छन्। यी देशका सरकार मानव तस्करको अगाडि कमजोर छ।

कुनै पनि नागरिक किन आफ्नो गृह देश परित्याग गरेर अर्को मुलुकमा जान खोज्छ, भन्ने गम्भीर एवं दुःखद विषयको कारण खोज्दा तीन कारण अगाडि देखा पर्छ। १. राम्रो आम्दानी र सरल जीवन यापन, २. राज्यको दमनबाट छुटकारा, र ३. स्थानीय एवं राष्ट्रिय अपराधी एवं अपराधी समूहबाट मुक्ति।

नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश आदिबाट प्रायः राम्रो आम्दानी एवं सरल जीवन यापनका लागि अर्को देशमा पुग्ने गरेको देखिएको छ। यस्ता देशका नागरिकले गृह त्याग गर्नुको प्रमुख कारण अर्थ वा आम्दानी नै हुन्छ। केवल राम्रो आम्दानी र सरल जीवन पाउने लालसाका कारण पनि ठूलो सङ्ख्यामा नागरिकले अनेक जोखिमको सामना गरेर, ज्यान हत्केलामा लिएर अर्को देश जान गृह देश त्याग गर्दछन्।

उत्तर कोरिया, अफगानिस्तान, इरान, भेनेजुएला, चीन, सिरिया आदि देशबाट पनि ठूलो सङ्ख्यामा मानव तस्करी हुन्छ। तर यी देशबाट बहिर्गमन गर्ने व्यक्तिहरू गृह देश त्यागेर अन्य मुलुकमा पुग्नुको कारण अर्थ नभएर सुरक्षा हुन्छ। राज्यले चलाएको दमन, मानवाधिकारको हनन, झूटा मुद्दा आदि जस्ता ज्यान जान सक्ने स्थितिबाट जोगिन पनि ठूलो सङ्ख्यामा मानिस ज्यानको बाजी थापेर गृहदेश त्याग गर्छन्। महिलाहरूलाई शिक्षाबाट वञ्चित गर्ने अफगानिस्तानको तालिबान सरकरको क्रूरताबाट जोगिन एवं केवल सरकारको विरोध गरेको कारण नागरिकको ज्यानै लिने, इरानको धर्मगुरुको सरकारबाट ज्यान जोगाउनेजस्ता सुरक्षाका कारण पनि गृहदेश त्याग गर्ने इच्छा नहुँदा नहुँदै पनि हजारौंको सङ्ख्यामा नागरिकले गृहदेश त्याग गर्छन्। यसरी गृहदेश त्याग गर्नेहरूले केवल सुरक्षाका लागि गृहदेश त्यागेका हुन्छन्।

सोमालिया, नाइजेरिया, मालीजस्ता अफ्रिकी देशहरूका तथा अल सल्भाडोर, ग्वाटेमाला, होन्डुरसजस्ता दक्षिण अमेरिकी नागरिक भने गृह देशमा आपराधिक समूहले गर्ने हत्या, हिंसा, लुटपाटबाट जोगिन गृह देश त्याग गर्ने निर्णय गरेको पाइएको छ। उदाहरणका लागि माथि उल्लेख गरिएका देशमा अपराधी समूहहरू सरकारको नियन्त्रण भित्र नरहेका र कतिपय स्थानमा सरकारको उपस्थिति शून्य बराबर भएर ती आपराधिक समूहको नियन्त्रण हुने भएकोले स्थानीयहरू जोखिमपूर्ण स्थितिमा बाँच्न परेको देखिएको छ। आपराधिक समूहबाट ज्यान जोगाउन कतिपयले आफ्नो श्रीसम्पत्ति आदि गृह देशमा छोडेर, जोखिमपूर्ण यात्रा गर्दै अन्य देशमा पुगेको देखिएको छ।

गृहदेश त्याग गरेर अन्य देशमा गई सुरक्षित जीवन बिताउने उद्देश्य राख्ने गृहदेश त्यागीहरूले सुरक्षित देशको रूपमा संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, फ्रान्स, जर्मनी, इटाली आदिलाई गन्तव्य बनाउने गरेका छन्। यी र यस्ता देशहरूले ठूलो सङ्ख्यामा मानव तस्करीका शिकार भएका वा गृहदेश त्याग्नेहरूलाई आफ्नो देशमा शरण दिनुपरेको छ।

दक्षिण अमेरिका र अफ्रिकाका अनेक देशबाट लाखौंको सङ्ख्यामा मानिस केवल जीउ-ज्यानको सुरक्षाका लागि सदाका लागि गृहदेश परित्याग गर्दछन्। सुरक्षा-चाहना पनि गृहदेश त्यागको एक महत्त्वपूर्ण कारण हुन पुगेको छ।

गृहदेश परित्यागको प्रमुख कारण भने व्यक्तिहरूमा राम्रो आम्दानी र सरल जीवन यापनको लालसा नै हो। तर यो मात्र एक कारण हो भन्ने धेरैको बुझाइ सही होइन। राज्यले चलाएको व्यवस्थित एवं सुनियोजित आतङ्कबाट जोगिन पनि ठूलो सङ्ख्यामा मानिस गृहदेश त्याग्न विवश हुन्छन्। यदि उत्तर कोरियाले देशबाट बाहिर जान आफ्नो नागरिकलाई सरल पारिदिने हो भने त्यहाँको क्रूर शासक र तिनका भरौटेहरूबाहेक लगभग देशका सम्पूर्ण नागरिक गृह देश परित्याग गर्ने थिए। यस्तै स्थिति इरान र अफगानिस्तानमा हुने हो भने ती देशका नागरिक बाढीजस्तो बगेर अर्को देशमा पुग्थ्ये होला। इरान, अफगानिस्तानजस्ता देशहरूमा शासकहरूले धर्मको नाममा राज्य आतङ्क नै मचाएका छन्, आफ्ना नागरिकहरूको जीवन निर्वाह कठिन पारेका छन्।

मानव तस्करी आधुनिक मानव सभ्यताको ठूलो समस्याको रूपमा देखिएको छ। र यसलाई सजिलै समाप्त गर्न सकिने स्थिति पनि देखिंदैन। तर पनि देशभित्र रोजगारका अवसर सृजना, न्यायिक सरकारको स्थापना र अपराध नियन्त्रण गरेर भने मानव तस्करी समस्या कम पार्न सकिन्छ। आधुनिक युगको यो कलङ्कमा केही मात्रामा भए पनि नियन्त्रण कायम गर्न सकिन्छ।

नेपालमा केवल रोजगार सृजना मात्र पनि पर्याप्त मात्रामा गर्न सके मानव तस्करी उल्लेख्य किसिमले रोक्न सकिन्छ। एउटा तथ्य के बिर्सन हुँदैन भने नेपालबाट पनि ठूलो सङ्ख्यामा मानव तस्करी हुन्छ, त्यो पनि डरलाग्दोगरी। नेपालबाट 'तल्लो बाटो' भनिएको; अर्थात् मेक्सिको हुँदै अमेरिका पुऱ्याउने मानव तस्करहरूले धेरै नेपालीलाई ठगेको र त्यसरी नेपालबाट गैरकानूनीरूपमा अमेरिका आउने क्रममा सयौं नेपालीको ज्यान गएको दुःखदायी घटना अनेक छन्। नेपालीहरू मानव तस्करहरूको जालमा नफस्नु र आफ्नै देशमा बस्नु मानव तस्करीको शिकारबाट जोगिने एक उत्तम उपाय हो।

## महानगरले पाँच महीनामा साढे १७ करोड राजस्व उठायो




तस्वीर: फाइल

प्रस, वीरगंज, ७ मङ्सिर/

वीरगंज महानगरपालिका कार्यालयले चालू आव २०७९/८० को पाँच महीना (मङ्सिर मसान्तसम्म)मा १७ करोड ५५ लाख ९३ हजार ८५३ राजस्व सङ्कलन गरेको छ।

वीरगंज महानगरपालिका राजस्व महाशाखाका प्रमुख मनोज कर्णले महानगरपालिकाले उठाउने विभिन्न करहरूबाट साउनदेखि मङ्सिरसम्म रु १७ करोड ५५ लाख ९३ हजार ८५३ सङ्कलन गरेको बताए। उनले सम्पत्तिकरबाट छ करोड ५१ लाख एक हजार, भूमि करबाट ४२ लाख ४० हजार १९८, घरबहाल करबाट दुई करोड ४४ लाख ६७ हजार, साना सवारी करबाट १३ लाख २१ हजार ९५०, विज्ञापन करबाट ३५,७६,४४१, रजिस्ट्रेशन दस्तुरबाट एक करोड १३ लाख ७४ हजार २५०, आखेटोपहार करबाट दुई करोड २१,४०,५४५, सरकारी सम्पत्ति बहालबाट ७० लाख ५४ हजार २१४, अन्य सेवा शुल्कबाट एक करोड ३३ लाख ४२ हजार ८९४, अन्य प्रशासनिक सेवा शुल्कबाट पाँच लाख ४८ हजार १५४, नक्शापास दस्तुरबाट एक करोड २३ लाख, २४ हजार १३७, सिफारिश दस्तुरबाट ६२ लाख ११ हजार ७१६, व्यक्ति घटना दस्तुरबाट १३ लाख ४१ हजार ६१, नाता प्रमाणित दस्तुरबाट पाँच लाख ८५ हजार ६४० र बेरुजूबाट छ लाख २१ हजार ९३ रुपियाँसमेत १७ करोड ५५ लाख ९३ हजार ८५३ रुपियाँ राजस्व सङ्कलन भएको बताए।

## पाँच महीनामा ट्राफिकद्वारा ८५ लाख सङ्कलन




तस्वीर: फाइल

प्रस, वीरगंज, ७ मङ्सिर/

जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साले चालू आवको पाँच महीनामा ८५ लाख ६७ हजार ५०० राजस्व सङ्कलन गरेको छ।

ट्राफिक पर्साका प्रमुख प्रहरी निरीक्षक ध्रुव दाहालले चालू आवको पाँच महीनामा ट्राफिक नियम उल्लङ्घन गरेको कसूरमा सवारीसाधनहरूबाट ८५ लाख ६७ हजार ५०० राजस्व सङ्कलन भएको बताए। उनले ट्रक, बस, कार, जीप, भ्यान, टचाक्टर, मोटरसाइकल, टेम्पोसमेत गरी चालू आवको साउनमा १४ लाख ३३ हजार, भदौमा १९ लाख ४९ हजार, असोजमा १८ लाख ४३ हजार, कात्तिकमा १७ लाख ११ हजार र मङ्सिरमा १६ लाख ३० हजार राजस्व सङ्कलन भएको बताए।

## वीरगंजमा स्वादिष्ट खाना खुवाउने मनकामना होटलको चर्चा

प्रस, परवानीपुर ७ मङ्सिर/

मुलुकको प्रवेशद्वार एवं आर्थिक नगरको रूपमा चिनिने वीरगंजमा ठूल्ठूला कर्पोरेट हाउससँगै केही साना पसल, व्यवसाय पनि चर्चामा रहेको पाइएको छ।

त्यसैमध्ये यातायात व्यवस्था कार्यालय, पर्सा नजीकको हो मनकामना होटल। २३ वर्षअघि खुलेको यो साधारण होटलमा दिनहुँ तीन सयभन्दा बढी ग्राहक पुग्ने गर्छन्। धादिङ, गल्छी गाउँपालिका-४ किरानचोक स्थायी घर भएका ४७ वर्षीय माइला श्रेष्ठ भन्ने रमेश श्रेष्ठले उक्त पसल सञ्चालन गर्दैछन्। वीरगंज घुम्न आएको बेला २०५६ सालमा एउटा सानो घुम्टीबाट शुरू गरेको व्यवसाय अहिले हेर्नमा सानो लागे पनि यातायात व्यवस्था कार्यालयमा आउने ग्राहकहरूको मन जित्ने गरेको छ।

एकचोटी पसलमा चिया, नास्ता, खाना खाएका ग्राहक अन्य होटलमा नजाने गरेको ग्राहकहरू बताउँछन्। रु २०० मा चिया, चिउरा-मासु, अन्डा, दही-चिउरा, शाकाहारी-मांसाहारीलगायत खानेकुरा बिक्री गर्ने उक्त होटल रमेश, उनको पत्नी र एकजना कर्मचारीको भरमा चल्दै आएको छ। पहिले दैनिक ५० हजारसम्म कारोबार हुने होटलमा अहिले सो क्षेत्रमा केही नयाँ होटलहरू खुलेपछि १५-२० हजारसम्म आम्दानी हुने गरेको बताए।



मनकामना होटल सञ्चालन गर्ने दम्पती। तस्वीर: प्रतीक

अहिले वैदेशिक रोजगारमा जाने युवाहरूलाई उनले स्वदेशमैं केही गर्न सुझाव दिंदै भने- मैले २३ वर्षको अवधिमा हेटौंडामा डेढ कट्ठा जग्गा खरीद गरी घर पनि बनाइसकेको छु। तीनजना बच्चालाई हुर्काइ पढाएको पनि छु। त्यस कारण विदेशको दुःख काट्नुभन्दा आफ्नै देशमा सुखीसाथ बाँच्न सक्ने आधार पनि भएकोले त्यसतर्फ युवाहरूको सोच बदलिनुपर्ने उनको सुझाव छ।

## तराईका जिल्लामा बाक्लो हुस्सु

काठमाडौं, ७ पुस/रासस

बिहीवार बिहानदेखि काठमाडौं उपत्यकासहित देशका पहाडी तथा तराईका विभिन्न भूभागमा बाक्लो हुस्सु तथा कुहिरो लागेको छ।

धेरै स्थानमा लागेको कुहिरो तथा हुस्सु मध्याह्नपछि क्रमिकरूपमा सुधार हुँदै जाने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखा गौचर विमानस्थलले जनाएको छ।

हुस्सु र कुहिरोका कारण तराईका जिल्लामा जनजीवन प्रभावित हुन थालेको मौसमविद् प्रतिभा मानन्धरले बताए। उनका अनुसार पश्चिम तराईका जिल्ला कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, दाङ, कपिलवस्तु, रूपन्देही, नवलपरासी-पूर्व, नवलपरासी-पश्चिम यसैगरी मध्य तराईका जिल्लामा चितवन, पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा तथा पूर्व तराईका जिल्ला सिराहा, सप्तरी, सुनसरी, मोरङ र झापामा बिहानैदेखिको हुस्सुका कारण हिंड्डुल गर्न नै समस्या भएको छ।

अहिले नेपालको पूर्वी भूभागमा पश्चिमी न्यून चापीय प्रणालीको आंशिक प्रभाव रहेकाले मौसम बदली भएको छ। काठमाडौं उपत्यकाको आकाश बिहानैदेखि हुस्सुले ढाकेकाले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विमान उडान र अवतरण प्रभावित भएको छ। उडान अवतरण बन्द हुँदा हवाई यात्रा गर्ने यात्रीलाई असहज भएको विमानस्थलका प्रवक्ता टेकनाथ सिटौलाले जानकारी दिए।

आज प्रदेश १, वाग्मती र गण्डकी प्रदेशका पहाडी भूभागमा आंशिक बदली रही तराईका विभिन्न भूभागमा हुस्सु र कुहिरो रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

विभागका अनुसार आज दिउँसो प्रदेश १ र गण्डकी प्रदेशका पहाडी भूभागमा आंशिक बदली भएको छ। यसैगरी, आज राति प्रदेश १ को पहाडी भूभागमा आंशिक बदली रहने विभागको अनुमान छ।

आउँदो २४ घण्टामा तराईका केही भूभागमा बिहानीपख हुस्सु, कुहिरो लाग्ने र देशका प्रायःजसो भूभागमा तापक्रम क्रमिकरूपमा घट्दै जाने सम्भावना रहेको विभागले जनाएको छ।

# सबल अर्थतन्त्रका लागि 'एक घर एक उद्योग'

**अर्थ-उद्योग-वाणिज्य**



शीतल महतो
shitalmahato@gmail.com

**वैदेशिक रोजगारमा देखिएको आकर्षणलाई विकर्षणमा बदल्न 'एक घर एक उद्योग' को नीतिलाई अभियानकै रूपमा अगाडि बढाएर युवालाई गाउँमैं बस्ने र गरीखाने वातावरण सिर्जना गर्नु अब बन्ने नयाँ सरकारको प्रमुख कार्यभार हुनुपर्दछ।**

घट्दो विदेशी मुद्राको सञ्चिति र बढ्दो व्यापार घाटाका कारण नेपाली अर्थतन्त्र अहिले बिग्रँदो अवस्थामा पुगेको छ। वैदेशिक व्यापारमा देखिएको बढ्दो असन्तुलन चिन्ताको विषय बनेको छ। निर्यातको तुलनामा आयातको परिमाण अत्यधिक बढ्दा व्यापारघाटा चुलिंदो छ। व्यापारघाटा बढ्दै जाँदा अर्थतन्त्र परनिर्भर, थप कमजोर र जोखिमयुक्त बन्दै जान्छ। जबसम्म आन्तरिक उत्पादन वृद्धि हुँदैन र आयात प्रतिस्थापन हुँदैन, तबसम्म व्यापारघाटा बढी नै रहने छ। नेपालमा व्यापारको आकार सानो छ। कुल गार्हस्थ्य उत्पादनसँग तुलना गर्दा यसको हिस्सा ३० प्रतिशतको हाराहारीमा छ। व्यापार घाटा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा झन्डै ३९ प्रतिशत पुगेको छ। विगत पाँच वर्षको अवधिमा वस्तु निर्यातको औसत वृद्धिदर करीब तीन प्रतिशत छ भने पाँच वर्षकै अवधिमा वस्तु आयातको औसत वृद्धिदर करीब १४ प्रतिशत रहेको देखिन्छ।

कुल वस्तु व्यापारघाटामा १३.१ प्रतिशतले कमी आई रु. ३५९ अर्ब १८ करोड पुगेको छ। वस्तु निर्यात ३५.७ प्रतिशतले कमी आई रु. ४१ अर्ब ८२ करोड पुगेको छ। वस्तु आयात १६.२ प्रतिशतले कमी आई रु. ४ सय १ अर्ब पुगेको छ। अर्थतन्त्रमा आएको गिरावट र सङ्कटसँगै सरकारले आयातमा लगाएको आंशिक प्रतिबन्धका कारण कमी भएको हो। तर खुद सेवा आय रु. २१ अर्ब ७० करोडले घाटामा रहेको छ। विप्रेषण आप्रवाह १६.८ प्रतिशतले वृद्धि भई रु. २८१ अर्ब ५ करोड पुगेको छ। त्यसैले व्यापार घाटा न्यूनीकरण र विदेशी मुद्राको सञ्चिति बढाउनका लागि तत्काल सम्भाव्य क्षेत्र र वस्तुको पहिचान गरी आन्तरिक उत्पादन वृद्धि गरेर निर्यात प्रवर्द्धन गर्ने अथवा आयात प्रतिस्थापन गर्ने नीति अवलम्बन गर्नु आजको आवश्यकता हो।

नेपाल राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्षको पहिलो तीन महीनामा वैदेशिक रोजगारका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत (नयाँ) लिने नेपालीको सङ्ख्या १२३.१ प्रतिशतले वृद्धि भई १४७ हजार ९३२ पुगेको छ। त्यसैगरी वैदेशिक रोजगारका लागि पुन: श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या ६६.२ प्रतिशतले वृद्धि भई ५७ हजार ८ सय ६१ पुगेको छ। कुल विदेशी विनिमय सञ्चिति २.५ प्रतिशतले वृद्धि भई २०७९ असोज मसान्तमा रु. १२४६ अर्ब २२ करोड पुगेको छ। त्यस्तै सो अवधिमा कुल आन्तरिक कर्जा १.५ प्रतिशतले बढेको छ। बैंक तथा वित्तीय संस्थाहरूमा रहेको निक्षेप ०.४ प्रतिशतले बढेको छ। बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १.३ प्रतिशतले बढेको छ। सोही अवधिमा पुनर्कर्जा रु. १०५ अर्ब ४७ करोड लगानीमा रहेको छ। त्यस्तै २०७९ असोजसम्म ७५२ तहमा वाणिज्य बैंकहरूका शाखा विस्तार भएको छ। पूँजीबजारमा गिरावट कायम छ।

अहिले मुलुकभित्र क्रमश: रोजगारी गुम्दै गएको अवस्था छ भने वैदेशिक रोजगारतर्फको आकर्षण बढ्दै गएको छ। फलस्वरूप मुलुकको अर्थतन्त्रमा रेमिट्यान्सले २५ प्रतिशतको हाराहारी योगदान दिएको छ। मुलुकको आर्थिक पक्ष अस्थिरताको मारमा पर्दै जाँदा विदेशी भूमि नेपालीको साझा गन्तव्य बन्न पुगेको छ। मुलुकभरिका सानाठूला गरी ६० हजारभन्दा बढी उद्योगले यी श्रमिकहरूलाई थाम्न सकेका छैनन्। मुलुकमा उद्योगमैत्री वातावरण तथा कृषिमा आधुनिकीकरण र संरक्षण छैन, सेवामा सन्तुष्टि छैन, ज्यालामा असमानता छ र दर न्यून छ, आर्थिक क्षेत्रमा विविधीकरण छैन। फलस्वरूप मुलुक परनिर्भर हुँदै गएको छ। मुलुकमा नुनदेखि सुनसम्म, फालीदेखि सियोसम्म सबै वस्तु आयातमा निर्भर छ। जसले गर्दा आत्मनिर्भरताको कुरा केवल नारामा सिमित भएको छ। अहिले उद्यमी बन्ने र उद्यमशीलता विकास गर्ने सोच अघि बढाउन सकिने अवस्था देखिएको छैन। उद्यमशीलताले नै दिगो आर्थिक विकास, स्वाधीन अर्थतन्त्र र पूँजी निर्माण गर्ने हो, अर्थतन्त्रलाई सबल बनाउने हो। तर, अहिलेको परिस्थितिमा उद्यमशीलता नै सिर्जना हुन सकेको छैन। यसले उत्पादनदेखि दिगो विकास र दीर्घकालीन लक्ष्यमा समेत प्रभाव पार्ने देखिन्छ। यसो हुँदा आन्तरिक रोजगारसमेत सिर्जना हुने छैन। भएकै रोजगार गुमिरहेको वा गुम्ने जोखिम बढ्न सक्ने अवस्था आउन सक्छ।

यसरी उद्यमशीलता मर्न थाल्नु र उद्यमीको मनोबल गिर्नु सबल अर्थतन्त्रका चुनौती हुन्। त्यसैले उत्पादकत्व बढाउन स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहित गर्न सक्नुपर्छ। यसका साथै वैदेशिक रोजगारमा देखिएको आकर्षणलाई विकर्षणमा बदल्न 'एक घर एक उद्योग' को नीतिलाई अभियानकै रूपमा अगाडि बढाएर युवालाई गाउँमैं बस्ने र गरीखाने वातावरण सिर्जना गर्नु अब बन्ने नयाँ सरकारको प्रमुख कार्यभार हुनुपर्दछ। मुलुकको विकास र समृद्धि हासिल गर्न विशेषगरी सरकारले चारवटा काम गर्नु आवश्यक छ–(१) औद्योगिक नीतिले केही प्रमुख क्षेत्रहरूमा ध्यान केन्द्रित गर्नुपर्छ, (२) व्यापार सिन्डिकेट भत्काउनुपर्छ, (३) उत्पादकत्व बढाउन विदेशी लगानी प्रोत्साहित गर्नुपर्छ र (४) विकासमा निजी क्षेत्रको भूमिकाबारे मानसिकता बदल्नुपर्छ। यसको शुरूआत राजनीतिकर्मीहरूबाटै हुनुपर्छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठन अनुसार नेपालमा पन्ध्र वर्षदेखि उनन्तीस वर्षसम्मका चार लाख मानिस हरेक वर्ष श्रम बजारमा प्रवेश गर्छन्। तर निर्माण र उद्योग क्षेत्रमा जम्मा २ लाख ५० हजारका लागि रोजगार उपलब्ध छ। प्रत्येक वर्ष निर्माण क्षेत्रमा कामको मात्राभन्दा बढी व्यक्ति श्रम बजारमा प्रवेश गर्छन्, राम्रो रोजगार नपाएपछि उनीहरू कि अनौपचारिक क्षेत्रमा काम गर्न थाल्छन् कि वैदेशिक रोजगारमा जान्छन्।

नेपालमा प्रविधि कम प्रयोग हुने उद्योगको व्यापकता छ। सबैभन्दा पछिल्लो तथ्याङ्क अनुसार ९५ प्रतिशत रोजगार यस्तै कम प्रविधि भएका सेक्टरहरूमा सिर्जना भएका छन्। हामी नेपालीले कम तथा मध्यम प्रविधियुक्त यस्ता क्षेत्र विस्तार गर्न सक्यौं भने कम सीप भएका धेरै कामदारलाई रोजगार दिन सक्नेछौं। तर हाम्रो उद्योग/निर्माण क्षेत्रले पर्याप्त रोजगार सिर्जना गर्न सकेका छैनन्। अहिले स्वदेशी उद्योग होइन, विदेशी उद्योगले स्थान लिन थालेको अवस्था छ। डलर भित्रिनुभन्दा बाहिर जाने क्रम बढ्दै गएको छ। त्यसैले उच्च आर्थिक वृद्धि दर हासिल गर्न तथा सबल र स्वाधीन अर्थतन्त्र निर्माणका लागि स्वदेशमैं उद्योग स्थापना र उत्पादन बढाउन सक्नुपर्दछ। मुलुकको उत्पादनलाई अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउने दायित्व सरकारको हो। सुशासन, विकास, समृद्धि, सामाजिक मर्यादा कायम राख्न राजनीतिक नेतृत्वमा ऊर्जा, निष्ठा, दृष्टि, बौद्धिकता, रचनात्मकता, क्रियाशीलता र मौलिकता हुनु अपरिहार्य छ। अनावश्यक खर्च गर्नुभन्दा कृषि, पूर्वाधार, जनतालाई प्रत्यक्ष आम्दानी हुने उत्पादनमूलक क्षेत्रमा लगानी गर्नु आजको पहिलो आवश्यकता हो।

वास्तवमा उत्पादनमा जोड दिने उन्नति नै दिगो विकास हो। बाँकी सबै व्यापार हो। विकासको पहिलो स्वरूप उत्पादन हो। उत्पादनका लागि उद्योगको आवश्यकता पर्दछ। यसले रोजगार बढाउँछ र गाउँ–शहर समृद्ध बनाउन सहयोग पुग्छ। गाउँशहर समृद्ध भए मात्र समग्र मुलुकको दिगो विकास सम्भव हुन्छ। त्यसैले विदेशी उत्पादनको प्रयोगमा कमी ल्याउँदै स्वदेशी उत्पादन, सीप र सम्भावनाको बजारीकरण अहिलेको अपरिहार्य आवश्यकता हो। त्यसैले मुलुकमा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने जिम्मेवारी अब बन्ने नयाँ संसद् र सरकारको काँधमा आएको छ। यसका लागि स्थानीय उत्पादन बढाउने कार्यलाई विशेष प्राथमिकता दिनुपर्दछ। यसका साथै औद्योगिक प्रवर्द्धन तथा उद्यमशीलताको माध्यमबाट रोजगार सिर्जना गरी समतामूलक एवं दिगो आर्थिक विकास हासिल गर्न अब बन्ने नयाँ सरकारको प्रमुख कार्यभार हुनुपर्दछ।

# २४औं पोखरा सडक महोत्सव हुँदै

काठमाडौं, ७ पुस/रासस

अङ्ग्रेजी नयाँ वर्ष २०२३ को अवसरमा यही पुस १३ देखि १७ गतेसम्म पोखरामा '२४औं पोखरा सडक महोत्सव' आयोजना हुने भएको छ।

'सडकमैं खाऔं, सडकमैं नाचौं, सडकमैं रमाऔं' भन्ने नाराका साथ रेस्टुराँ एन्ड बार एशोसिएशन (रेवान) पोखराको आयोजनामा पाँच दिने महोत्सव हुन लागेको हो।

रेवान पोखराले आज यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष नरेश भट्टराईले आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धनका लागि पोखराको लेकसाइडस्थित तीन किलोमिटर क्षेत्रमा महोत्सव आयोजना गर्न लागिएको जानकारी दिए।

महोत्सव फिस्टेल गेटदेखि खहरे चोक हुँदै जरेवर लेकसाइडसम्म हुनेछ। महोत्सवमा सांस्कृतिक कार्यक्रम, मौलिक भेषभूषा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खानाको प्रदर्शन, दोहोरी गीत प्रतियोगिता, झाँकी प्रदर्शन, रात्रिकालीन कन्सर्ट, बोट रेस, खुल्ला भेट्रान टेनिस प्रतियोगिता, वेटररेसलगायतका कार्यक्रम हुनेछन्।

मुलुकको आर्थिक विकासको प्रमुख आधार रहेको पर्यटन क्षेत्रले विदेशी मुद्राआर्जन, रोजगार सिर्जना, समग्र आर्थिक विकास र समुन्नतिमा टेवा पुऱ्याउन सहयोग पुग्ने विश्वास आयोजकले लिएको छ।

पोखरा र गण्डकी प्रदेशभित्रको लुकेको संस्कृतिलाई सडक महोत्सवमार्फत उजागर गर्न खोजिएको रेवान पोखराका पूर्वअध्यक्ष एवं पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष गोपी भट्टराईले बताए।

सडक महोत्सवमा पाँच लाख दर्शकको उपस्थिति हुने अपेक्षा गरिएको छ भने महोत्सव आयोजनामा रु ७० लाख खर्च हुने उनको भनाइ छ। महोत्सवमा सङ्घीय राजधानी काठमाडौंसहित चितवन, वीरगंज, विराटनगर, नेपालगंजलगायतका स्थानबाट आन्तरिक पर्यटकको सहभागिता रहने आयोजकले विश्वास लिएको छ।




तस्वीर: रासस

रेवानका केन्द्रीय अध्यक्ष अरनिको राजभण्डारीले निजी क्षेत्रले गरेको सबैभन्दा ठूलो सडक महोत्सव भएकाले यसलाई सफल बनाउन सबै क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको बताए। अध्यक्ष भट्टराईले पोखराका होटलले दैनिक ४० हजार पर्यटकलाई सेवा दिन सक्ने बताए। नेपाल आउने कुल पर्यटकमध्ये ४० प्रतिशत पोखरा घुम्न जाने उनको भनाइ छ। साथै महोत्सवको अवसरमा होटलहरूले रूममा २० प्रतिशत छुट दिएको उनले जानकारी दिए।

महोत्सवमा सुरक्षा व्यवस्था पनि चुस्त बनाइएको उनले बताए। "आयोजकका तर्फबाट दुईवटा निजी कम्पनीलाई सुरक्षाको जिम्मेवारी दिएका छौं," उनले भने, "त्यसबाहेक सरकारले पनि विगतमा जस्तै सुरक्षा प्रदान गर्नेछ।" उनले पार्किङका लागि पनि पर्यटन बसपार्क, शहीद चोकलगायतका स्थानमा व्यवस्था गरिएको उनले बताए।

महोत्सवमा बसुन्धारा पार्कभित्र १६ वटा स्टल र बाहिर सडकमा निश्शुल्क एक सयभन्दा बढी स्टल रहने उनले जानकारी दिए। उनले नेपाल पर्यटन बोर्डको सहकार्यमा बाँकी छवटै प्रदेशबाट पनि महोत्सवमा सहभागिता रहने बताए।

## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# जङ्गल जोगाउँदै हात्ती

प्रस, निजगढ, ७ पुस/

जङ्गली हात्तीको त्रासले जङ्गलमा स्थानीयहरू निर्धक्क जान डराइरहेका छन्। कोल्हवी नगरपालिकाको झुरेझुरे, भलुवाहीखोर, पुरानोकाटा, हनुमानगंज, बगेवा, निकास, कोल्हवी, सपही, जडीबुटी, बोधवन, ककरीलगायत आसपास बस्तीका स्थानीयहरू भदौ महीना यतादेखि वनजङ्गल क्षेत्रमा दाउरा, घाँस लिन वन पस्न डराइरहेका छन्।

राष्ट्रिय वन र तामागढी साझेदारी वन क्षेत्रमा दुई/तीनवटा जङ्गली हात्ती पशु चौपाया, चरिचरन, घाँस–दाउरा लिन जङ्गल जानेहरूले नजीकैबाट देखेपछि स्थानीय त्रसित छन्। बुधवार बिहान हँसिया, नाम्लो लिएर बस्ती नजीकैको वनजङ्गलमा दाउरा, घास लिन जङ्गलको मुखैमा पुगेर लगभग डेढ/दुई सय स्थानीय रित्तै हात फर्किए।

दिउँसो १२ बजे पनि त्यत्तिकै सङ्ख्यामा स्थानीयहरू जङ्गल पस्न गएपनि रित्तै फर्किए। घाँस, दाउरा गर्नेहरू पनि त्यस क्षेत्रको भित्री जङ्गलमा नगई बस्ती नजीकैको वन क्षेत्रबाट जोहो गर्ने गरेका छन्। भलुवाहीखोर नाकामा रहेको कोल्हवी तामागढी सब डिभिजन वन कार्यालय र तामागढी साझेदारी वन व्यवस्थापन समितिका कर्मचारीहरूले जङ्गली हात्ती वन क्षेत्रमा देखा परेकोले वनजङ्गल नजान र प्रत्यक्षदर्शीले समेत मनाही गरेपछि मानिसहरू बाटोबाटै फर्कने गरेका छन्।

त्यस वन क्षेत्रको जमुनीखोला, पाताल गङ्गामा सिमसार क्षेत्र भएकोले अटुट रूपमा तीन/चार वटा पानीको ताल, मुल, जरूवा भएको र हात्तीलाई चाहिने पानी, बस्न सुहाउँदो कासघारी भएकोले प्राय: दिनभरि त्यतै बस्ने र साँझ, बेलुकी, बिहान आसपासको बस्तीमा निस्कने र दु:ख दिने गरेको कोल्हवी नपा–२ भलुवाहीखोरका ५६ वर्षीय माधवप्रसाद आचार्यले बताए।

कोल्हवी भलुवाहीखोर वन क्षेत्र नजीक अपूर्व वाग्लेको फुसको घरको भुइँ तल्ला र माथि चोटाको घेराबार भत्काई धान, मकै खाने र पटक–पटक झम्टी/झम्टी दु:ख दिन वाग्ले परिवार घरै छोडी अन्य छिमेकीको घरमा आश्रय लिनुपरेको थियो।

कोल्हवी नपा–२ पुरानोकाटा बस्ने ४८ वर्षीय बद्री खड्काले ६ वर्ष अघि धुब्रे हात्तीले लखटेको नमीठो अनुभव सुनाए। त्यस हात्तीले त्यस वर्ष तीनजनाको ज्यान लिएको थियो। आज बिहान करीब १० बजेतिर अर्को जङ्गली हात्ती देखेको र हात्तीले लखेट्दा ज्यान जोगिएको खड्काले बताए।

'जङ्गली जनावर हो। कतिखेर बस्तीमा छिर्छ, ठेगान छैन। बालबच्चा जोगाउन, आफू पनि जोगिन मुश्किल छ। हात्ती आतङ्कले बस्तीमा त्रास मात्र छ'–कोल्हवी नपा–२ पुरानोकाटा बस्ने ५१ वर्षीय प्रेम दोर्जे मोक्तानले भने।

यस क्षेत्रको वनजङ्गलमा दैनिक ३/४ सयको सङ्ख्यामा दाउरा लिन जान्छन्। अधिकांश महिला हुन्छन्। उनीहरू प्राय: हरियो लाथ्रा काटेर दाउरा बनाउँछन्। यहाँ वन विनाशमा महिलाहरू अग्रस्थानमा रहेको वन कर्मचारीहरू बताउँछन्। अहिले जङ्गली हात्ती देखा परेपछि उनीहरूको सङ्ख्या कम भएको उनले बताए।

यहाँ देखा पर्ने हात्ती धपाउन स्थानीय वन कार्यालय र पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयमा जानकारी गराउँदा कुनै वास्ता नभएको स्थानीयहरूले बताएका छन्। १०/१२ वर्ष यता कोल्हवी, भलुवाहीखोर, झुरझुर, सपही, बोधवन, ककडीलगायत आसपासमा १३ जनाभन्दा बढीको हात्तीले ज्यान लिइसकेको छ।



कोल्हवी क्षेत्रको जङ्गलमा हात्ती देखेपछि डराइडराइ वनजङ्गलतर्फ पशु चौपाया चरिचरण र दाउरा, घाँस गर्दै स्थानीयहरू। तस्वीर: जीतलाल श्रेष्ठ

# अन्तर्राष्ट्रिय समाचार

## ‘मेड इन हङकङ’ लेबलमाथि अमेरिकी प्रतिबन्धले व्यापारिक कानूनको उल्लङ्घन गरेको विश्व व्यापार सङ्गठनको ठहर


तस्वीरः एजेन्सी

जेनेभा, ७ पुस/सिन्ह्वा

विश्व व्यापार सङ्गठनले हङकङका उत्पादनलाई ‘मेड इन चाइना’ को लेबल लगाउनुपर्ने भन्दै अमेरिकाले अन्तर्राष्ट्रिय व्यापार कानूनको उल्लङ्घन गरेको ठहर गरेको छ।

विश्व व्यापार सङ्गठनको विवाद समितिले वाशिङ्टनको राष्ट्रिय सुरक्षा हितले यस्तो लेबलिङका लागि अनुमति दिएको भन्ने वाशिङ्टनको तर्कलाई अस्वीकार गर्दै अमेरिकी मूल चिह्नको आवश्यकताले व्यापार निकायको नियम अन्तर्गत देशको दायित्वको उल्लङ्घन गरेको बताएको छ।

समितिले यसलाई ‘अन्तर्राष्ट्रिय सम्बन्धमा आपत्कालीन अवस्था’ नभएको र अमेरिकाको लेबलिङ नियमले हङकङमा बनेका उत्पादनमाथि भेदभाव गरेको बताएको छ।

अगस्त ११, २०२० मा संयुक्त राज्य अमेरिकाले आफ्नो देशमा निर्यात गरिएका हङकङका उत्पादनहरूमा ‘मेड इन चाइना’ चिह्नित गर्न आवश्यक थियो।

हाल हङकङ निर्यात उत्पादनहरूलाई ‘हङकङ’ को रूपमा चिह्नित गरिएको छ किनकि हङकङ विश्व व्यापार सङ्गठनको एक अलग सदस्य हो र ‘एक देश, दुई प्रणाली’ अन्तर्गत छुट्टै भन्सार क्षेत्रको रूपमा विशेष दर्जा प्राप्त गर्दछ।

हङकङ विशेष प्रशासनिक क्षेत्र सरकारले उक्त निर्णयको स्वागत गरेको छ।

हङकङ सरकारका वाणिज्य तथा आर्थिक विकास मन्त्री अल्गर्नोन याउले एक विज्ञप्ति जारी गर्दै संयुक्त राज्य अमेरिकाले अन्तर्राष्ट्रिय व्यापार नियमहरूको अवहेलना गरेको, एकतर्फीरूपमा भेदभावपूर्ण र अनुचित शर्तहरू लागू गर्ने प्रयास गरेको, अनुचितरूपमा हङकङका उत्पादनहरू र उद्यमहरूलाई दबाएको र आर्थिक र व्यापारिक मुद्दाहरूलाई राजनीतीकरण गरेको पुष्टि गरेको छ। रासस

## हाइटीलाई तत्काल सहयोग गर्न अन्तर्राष्ट्रिय समुदायसँग अपील

संयुक्त राष्ट्रसङ्घ, ७ पुस/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घीय एक अधिकारीले हाइटीलाई तत्कालै सहयोग उपलब्ध गराउन अपील गरेको छ। संयुक्त राष्ट्रसङ्घीय उपमहासचिव अमिना मोहम्मदले बुधवार सो अपील गरेकी हुन्। उनले हाइटीको अवस्था दिन प्रतिदिन निकै कमजोर हुँदै गएकाले उसलाई तत्कालै मानवीय सहायताको खाँचो रहेको बताएकी हुन्।

उनले भनिन्– हामीलाई लागेको छ कि अहिले हाइटीको अवस्था निकै खराब छ, यस्तो अवस्थामा विश्व समुदायले उसलाई सहयोग नगर्ने हो भने अवस्था झन बिग्रिँदै जाने अवस्था छ। त्यसैले हाइटीका लागि तत्कालै मानवीय सहायताको खाँचो रहेको छ।

त्यहाँको आर्थिक अवस्था नाजुक बन्दै गएको, खाद्य असुरक्षा बढेको र अत्यावश्यकीय वस्तुको आपूर्ति पनि हुन नसकेको अवस्था त छँदैछ, त्यसैमा पनि पछिल्लो समयमा यहाँ सुरक्षाको अवस्था पनि कमजोर भएको बताइएको छ।

यहाँ विभिन्न आपराधिक समूहहरू जन्मिएका र उनीहरूले लुटपाट पनि मचाउने गरेका भन्दै पछिल्लो समयमा हाइटीमा हिंसा बढ्दोरूपमा रहेको देखिएको पनि उनले बताइन्।

खाद्य असुरक्षा बढेको, स्वस्थ पानीको अभावमा हैजा तथा झाडापखालाका बिरामी बढेको, बालबालिकामा पनि पोषणको अभावमा समस्या बढेको तथा मानिसहरूको आन्तरिक विस्थापित हुनेहरूको सङ्ख्या प्रतिदिन बढ्दै गएका कारण यहाँ समस्या उत्पन्न भएकाले आवश्यक मात्रामा अन्तर्राष्ट्रिय सहयोगको खाँचो रहेको उनले बताएकी छन्। रासस

## महिलाले उच्च शिक्षा लिन नपाउने तालिबानको निर्णय सच्याउन अपील

संयुक्त राष्ट्रसङ्घ, ७ पुस/सिन्ह्वा

तालिबान सरकारले यहाँका महिला तथा किशोरीहरूलाई विश्वविद्यालय जान प्रतिबन्ध गरेको विषयको विरोध भइरहेका बेला संयुक्त राष्ट्रसङ्घीय एक अधिकारीले सो निर्णय सच्याउन आग्रह गरेका छन्।

संयुक्त राष्ट्रसङ्घीय वुमन (युएन वुमन)का कार्यकारी निर्देशक सीमा बहाउसले सो आग्रह गरेकी हुन्।

उनले भनिन्– अफगानिस्तानको तालिबान सरकारले गरेको यो निर्णय तुरुन्त सच्याउनुपर्छ र उसका कारणले महिलाले अधिकार नपाउने अवस्थाको तत्कालै अन्त्य हुनुपर्छ। शिक्षामा महिलाको पनि समान अधिकार रहेकोले त्यसको सबैले सम्मान गर्नुपर्छ।

तालिबान सरकारका शिक्षामन्त्रीले यसै हप्ता तालिबान सरकारले सो निर्णय गरेको बताएकी थिइन्। अफगानिस्तानका किशोरी तथा महिलालाई विश्वविद्यालय जानबाट प्रतिबन्धित गरेको घटनाको सबैतिर विरोध भएको छ।




मङ्गलवार पनि अफगानिस्तानका लागि संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिनिधि रोजा ओटुन्बोयाले विज्ञप्ति प्रकाशन गरेर यसको विरोध गरेकी छन्। उनले यस्तो निर्णय अफगानिस्तानको हितमा पनि नभएको र अहिलेको युगमा पनि महिलाले विश्वविद्यालय गएर अध्ययन गर्न नपाउनु भनेको निकै नै दुःखद भएको धारणा संयुक्त राष्ट्रसङ्घीय अधिकारीहरूले राखेका छन्।

दुई वर्षअघि अफगानिस्तानमा तालिबानको शासन शुरू भएपछि यहाँका महिलाको अधिकार खोसिएको छ। उनीहरूलाई धेरै सार्वजनिक स्थल र कार्यमा प्रतिबन्ध लगाएको छ र अहिले पछिल्लो समयमा आएर उनीहरू विश्वविद्यालय पनि जान नपाउने गरी प्रतिबन्ध लगाइएको बताइएको छ।

तालिबानहरूले यहाँका महिला अधिकारको हनन गरिरहेकाले संयुक्त राष्ट्रसङ्घीय सभा तथा बैठकहरूमा यस्ता विषयमा कुरा उठाउनुपर्ने धारणा पनि राखिएको छ। बहाउसले बुधवार एक अपील जारी गर्दै अफगानिस्तानको विकासका लागि त्यहाँका महिलाको पनि ठूलो योगदान रहेकाले यस्तो निर्णय तत्कालै सच्याएर यहाँका सबै नागरिकले उचित र न्यायपूर्णरूपमा शिक्षा लिन पाउने अधिकारको रक्षा गर्न पाउनुपर्ने बताएकी छन्। रासस

**नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्र, पर्साको सूचना**

वीरगंज–पोखरिया ३३ केभी लाइन अपग्रेडेशन गर्ने कार्यको लागि नेविप्रा, वीरगंज ६६।३३।११ केभी सबस्टेशनबाट पोखरियाको लागि आउने वीरगंज–पोखरिया ३३ केभी लाइन र पोखरिया ३३।११ केभी तथा सेढवा सबस्टेशनबाट सञ्चालित सम्पूर्ण ११ केभी लाइनहरू मिति २०७९।०८।२८ देखि २०७९।०९।१८ गतेसम्म करीब २० (बीस) दिन बिहान ८:०० देखि दिउँसो १३:०० बजेसम्म उक्त निर्धारित समयमा पूर्णरूपमा सटडाउन रहने तथा उक्त कार्य गर्न कुनै कुनै स्थानमा सोही रूटमा वीरगंज सबस्टेशनबाट सञ्चालित ११ केभी विन्ध्यवासिनी फिडर, ११ केभी ५ नं फिडर र ११ केभी ६ नं फिडर रहेकाले उक्त तीनवटा फिडर आवश्यकता अनुसार सटडाउन रहने सूचित गरिन्छ। साथै निर्धारित समयावधिअगावै कार्य सम्पन्न भएमा लाइन पहिलै सुचारु हुने बेहोरा अनुरोध छ। यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधाप्रति नेविप्रा पोखरिया वितरण केन्द्र क्षमाप्रार्थी छ।

- नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय
ग्रिड सोलार तथा इनर्जी इफिसिएन्सी आयोजना
पोखरिया वितरण केन्द्र

हरेक बार खाना चार,
यही नै हो पोषणको आधार।

वीरगंज महानगरपालिका कार्यालय

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## महिला हिंसाबारे दुई दिने तालीम शुरू


तस्वीरः प्रतीक

प्रमोद यादव, पंचगावाँ, ७ पुस/

सहज सेवा सीप विकास केन्द्र प्रालिको आयोजना, पर्सागढी नगरपालिका कार्यालयको सहयोग र वडा नं ७ कार्यालयको समन्वयमा नेपाल राष्ट्रिय आधारभूत विद्यालयको प्राङ्गणमा लैङ्गिक हिंसासम्बन्धी दुई दिने जनचेतनामूलक कार्यक्रम बिहीवारदेखि शुरू भएको छ।

तालीमका प्रशिक्षक इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रमुख प्रहरी निरीक्षक किशोर आचार्य र कृष्णकुमारी बस्नेतले सहभागीहरूलाई लैङ्गिक हिंसाबारे प्रशिक्षण दिँदैछन्। तालीममा ग्रामीण क्षेत्रका महिलाहरू गर्भावस्था, वृद्धावस्था, बाल अवस्थामा पुरुष हिंसाको शिकार भइरहेको, टुनामुना, दाइजो, बालविवाह, आत्महत्या, दुर्व्यवहारका घटना बढिरहेको र सोको न्यूनीकरणबारे सहभागीहरूलाई तालीम दिइएको थियो।

यसैगरी, तालीममा राजनीतिक दबाबले अहिले पनि ग्रामीण क्षेत्रमा हिंसामा परेका महिलाहरूले न्याय पाउन नसक्दा त्यसको कानूनी उपचारबारे प्रनि किशोर आचार्यले जानकारी गराएका थिए। प्रनि आचार्यले महिला हिंसाबारे दैनिक १०–१२ वटा उजूरी आउने गरेको बताए।

वडाध्यक्ष शङ्कर रायभरको अध्यक्षतामा भएको कार्यक्रममा वडासचिव रीमा चौधरी, वडासदस्य राजेश सहनी, महद्दीन मियाँ, फूलमतीदेवी राम, चन्दा पटेल, सञ्चारकर्मी बलिराम शुक्ल, रामकिशोर चौधरीलगायतको सहभागिता थियो। कार्यक्रमको सञ्चालन सुस्मिता चौधरीले गरेकी थिइन्।

## नेपाल नगरपालिका सङ्घको नयाँ कार्यसमिति चयन



तस्वीरः प्रतीक

दिनेश मिश्र, काठमाडौं, ७ पुस/

नेपाल नगरपालिका सङ्घको आठौं अधिवेशन बुधवार काठमाडौंमा सम्पन्न भएको छ।

अधिवेशनबाट देशभरका २९३ जना नगरप्रमुख र ४१ जना उपप्रमुख सदस्यमा चयन भएका छन्।

अधिवेशनले नवनिर्वाचित कार्यसमितिको अध्यक्ष नीलकण्ठ नगरपालिकाका प्रमुख भीमप्रसाद ढुङ्गाना, उपाध्यक्ष चौतारा साँगा चौकगढी नगरपालिकाका प्रमुख कृष्णप्रसाद सापकोटा, महासचिव घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरी, उपमहासचिव काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनीता डङ्गोल, कोषाध्यक्ष हलेसी तुवाचुग नगरपालिकाकाकी उपप्रमुख विमला राई र सहकोषाध्यक्ष हेटौंडा उपमहानगपालिकाकी प्रमुख मीना लामालाई चयन गरेको छ।

यसैगरी, मधेस प्रदेशबाट सातजना सदस्य पदमा चयन भएका छन्। कलैया उपमहानगरपालिकाका प्रमुख विनोद साह, गढीमाई नपाका प्रमुख श्यामप्रसाद यादव, गौर नपाका प्रमुख शम्भू साह, बरहथवा नपाकी उपप्रमुख कल्पना कटुवाल, मटिहानी नपाका प्रमुख हरिप्रसाद मण्डल, कविलासी नपाकी उपप्रमुख पूनम कर्ण, वाग्मती नपाकी उपप्रमुख लीला मोक्तान सदस्य चयन भएका छन्।

## सालको गोलियासहित तामाङ पक्राउ

प्रस, पर्सागढी, ७ पुस/

राष्ट्रिय वनबाट चोरी गरी आफ्नै घर पछाडि लुकाएको चार थान सालको गोलियासहित एकजनालाई पक्राउ गरिएको छ।

पटेर्वासुगौली गाउँपालिका–२ चापीका ३५ वर्षीय सोमबहादुर तामाङलाई बिहीवार डिभिजन वन कार्यालय, रङ्गपुरले छापामारी गरी पक्राउ गरेको जनाएको छ। उनले २८ क्युफिट सालको चार थान गोलिया घरपछाडि लुकाएर राखेको अवस्थामा पक्राउ गरिएको रेन्जर कपिलदेवप्रसाद यादवले जानकारी दिए।

जाडो मौसम शुरू भएपछि यतिबेला पर्साका काठ तस्करहरू सक्रिय भएका छन्। हुस्सु र कुहिरो लाग्ने भएकोले काठ दाउराको तस्करी गर्न तस्करहरूलाई सजिलो हुने गरेको रेन्जर यादवले बताए।


तस्वीरः प्रतीक

**कुर्था ...**

थियो। पहिले ‘न्यारो गेज’मा निर्माण भएकामा अहिले ‘ब्रोड गेज’मा निर्माण भएको हो। यो रेलमार्ग निर्माणमा प्राविधिक र आर्थिक दुवै पक्ष भारतीय सहयोगमा भएको हो। हाल सञ्चालनमा रहेको रेल सेट भने नेपाल सरकारले भारतीय सरकारी कम्पनीसँग खरीद गरेको रेल विभागले जनाएको छ।

जयनगरबाट जनकपुर, कुर्था, बिजलपुरा हुँदै सो रेलमार्ग बर्दिवाससम्म पुग्नेछ।

नेपाल सरकार आफैंले निर्माणअघि बढाइरहेको पूर्व–पश्चिम रेलमार्ग पनि बर्दिवास नै भएर अघि बढ्नेछ। यी दुवै रेलमार्ग बर्दिवासमैं भेटिने गरी योजना बनाइएको छ।

पहिलो खण्डमा कुर्थासम्मको निर्माण सकिएपछि नै बिजुलपुरासम्मको निर्माण अघि बढाइएको थियो।

यो खण्ड सकिएकाले अब बर्दिवाससम्मको निर्माण अघि बढाइने विभागले जनाएको छ। लामो समयसम्म जग्गा विवादकै कारण कुर्था–बिजुलपुरा रेलमार्ग निर्माण अघि बढ्न सकेको थिएन भने त्यो टुङ्गिएसँगै रेलमार्ग निर्माण गरिएको हो।

सन् २०१० मा तत्कालीन राष्ट्रपति रामवरण यादवको भारत भ्रमणका क्रममा दुई देशका सीमा जिल्ला जोड्ने गरी पाँच ठाउँमा रेलमार्ग निर्माण गर्ने सहमति भएको थियो। भारत सरकारको अनुदान सहयोगमा पाँच स्थानमा रेलमार्ग निर्माण गर्ने भनिए पनि एउटा यो र अर्को जोगबनी–विराटनगर रेलमार्गमा मात्रै निर्माण भइरहेको छ। त्यसबाहेकका न्यू जलपाइगुडी–काँकडभिट्टा, नौतनवा–भैरहवा र रुपैडिया–नेपालगंज क्षेत्रमा भने निर्माण शुरू हुन सकेको छैन।

नेपालमा राणाकालमैं विसं १९८४ तिर भारतको रक्सौलबाट नेपालको अमलेखगंज तथा विसं १९९४ तिर जयनगरबाट जनकपुरसम्म रेलसेवा थियो। त्यो बन्द भएको लामो समयपछि नयाँ प्रविधिको रेलमार्ग निर्माण गरिएको हो।

जयनगर–कुर्था रेल सञ्चालनकै लागि सरकारले दुई सेट रेल खरीद गरेको थियो। कुर्थाबाट जयनगरसम्मको रेलमार्गको निर्माण झन्डै तीन वर्षपछि विसं २०७८ चैत २१ गतेबाट सो रेलमार्ग सञ्चालन भएको हो। प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरूपमा रेलको भर्चुअल उद्घाटन गरेका थिए। अहिले रेल नियमित सञ्चालनमा रहेको छ।

कुर्थादेखि बिजुलपुरासम्म रेलमार्ग १७ किमी रहेको छ। जयनगरबाट बिजुलपुरासम्म रेलमार्ग निर्माण हुँदा जम्मा ५२ किमीमा रेल सञ्चालन हुनेछ। बर्दिवाससम्म नै खण्डमा निर्माण सकिंदा यो रेलमार्गको जम्मा लम्बाइ झन्डै ७० किमीको हुने बताइएको छ।

अहिले सरकारले आफ्नै लगानीमा पूर्व–पश्चिम रेलमार्ग अघि बढाइरहेको छ। अपर्याप्त बजेटका कारण निर्माणले गति लिइरहेको छैन। भारत सरकारले काठमाडौं–रक्सौल र चीन सरकारले काठमाडौं–केरुङ रेलमार्ग निर्माणमा चासो देखाएको छ।

**आजको राशिफल**

| | |
|---|---|
| मेष – राज्यभय | वृष – वादविवाद |
| मिथुन – यात्रालाभ | कर्कट – शत्रुभय |
| सिंह – कार्यनाश | कन्या – भयचिन्ता |
| तुला – विजय | वृश्चिक – धनखति |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – धनलाभ | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# ३० युनिटसम्मको विद्युत् महसूल महानगरले तिर्ने सम्झौता

प्रस, वीरगंज, ७ पुस/

वीरगंज महानगरपालिका र नेपाल विद्युत् प्राधिकरणबीच बिहीवार सम्झौता भएको छ। सम्झौता अनुसार वीरगंज महानगरवासीले ३० युनिटसम्म विद्युत् खपत गर्नेहरूको विद्युत् महसूल महानगरपालिकाले बेहोर्ने भएको छ।

यही पुसदेखि ३० युनिटसम्म विद्युत् महसूल निश्शुल्क गरिएको छ। मासिक ३० युनिटसम्म विद्युत् खपत गर्ने प्रयोगकर्ताको न्यूनतम शुल्क र इनर्जी शुल्क महानगरले भुक्तानी गर्ने सम्झौतामा उल्लेख छ।

बिहीवार महानगरको सभाहलमा आयोजित पत्रकार सम्मेलनमा नगरप्रमुख राजेशमान सिंहले निर्वाचनका बेला जनताबीच गरिएको प्रतिबद्धता बमोजिम नगरवासीको विद्युत् महसूल निश्शुल्क गर्ने सम्झौता गरेको बताए।

आठ बुँदे सम्झौतामा महानगरपालिकाभित्रका घरेलु मिटरमा ५ र १५ एम्पियरको एमसिबी प्रयोग गरी अधिकतम ३० युनिट खपत गर्ने ग्राहकको विद्युत् महसूल र न्यूनतम मासिक महसूल महानगरले बेहोर्ने उल्लेख छ।

यस्तै, महानगरभित्र सञ्चालित सिङ्गल फेज कृषि मिटरका लिएका सम्पूर्ण ग्राहकको मासिक विद्युत् महसूल पनि महानगरले नै बेहोर्नेछ।


तस्वीरः प्रतीक

महानगरले प्राधिकरणको खातामा अग्रिम रकम भुक्तानी गर्ने र त्यही अनुरूप प्राधिकरणले हरेक महीना रिबेटसहितको ग्राहकको शुल्क फछ्र्योट गर्ने सम्झौतामा उल्लेख गरिएको छ।

सम्झौता बमोजिमको सुविधा प्राप्त गर्न ग्राहकले सम्झौता लागू हुनुपूर्वको आफ्नो बक्यौता भने चुक्ता गरेको हुनुपर्नेछ।

कुनै कारणवश सम्झौता बमोजिमको शुल्क भुक्तानी हुन छुट भए उपभोक्ताले मासिक मिटर रिडिङ भएको मितिले छ दिनभित्र प्राधिकरणको कार्यालयमा दाबी गर्न सकिने पनि उल्लेख छ।

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल र नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्रका प्रमुख जीतेन्द्रकुमार झा र सिमरा वितरण केन्द्रका प्रमुख रामु श्रेष्ठले हस्ताक्षर गरेका छन्।

# चीसोमा महानगरले ३२ वटै वडामा आगो बाल्ने

प्रस, वीरगंज, ७ पुस/

वीरगंज महानगरपालिकाको ३२ वटै वडामा आगो ताप्ने व्यवस्था मिलाउने तयारी गरिएको छ। बिहीवार महानगरपालिकाको विपद् व्यवस्थापन समितिको बैठकले ३२ वटै वडाका स्थानको पहिचान गरी जाडोबाट बच्न आगो ताप्ने व्यवस्था मिलाउने निर्णय गरेको हो।

सम्बन्धित वडाध्यक्षहरूको समन्वयमा महानगरपालिकाले ती स्थानमा आगो बाल्न दाउरा उपलब्ध गराउने निर्णय गरेको छ। बजार, सडक, चौर तथा खुला आकाशमुनि रात बिताउनेहरूलाई मध्यनजर गरी आगो बाल्ने स्थानको पहिचान गरिएको छ।

यसैगरी, बैठकले अतिविपन्न, ज्येष्ठ नागरिक, एकल महिलालाई न्यानो कपडा उपलब्ध गराउने निर्णय गरेको छ।

नगरप्रमुख राजेशमान सिंहले चीसो शुरू भइसकेकोले चोक–चोकमा आगो ताप्ने व्यवस्था मिलाउन आवश्यक स्थानको पहिचान गरेर चाँडै व्यवस्था गर्न वडाध्यक्षहरूलाई निर्देशन दिएका छन्।

उनले एक/दुई दिनभित्र स्थान पहिचान गरी आगो बाल्ने व्यवस्था गर्न वडाध्यक्षहरूलाई निर्देशन दिएका हुन्। सबै वडाध्यक्षलाई आआफ्नो वडामा


तस्वीरः प्रतीक

यसको व्यवस्था गर्नुपर्ने उनले बताए। नगरप्रमुख सिंहले वडालाई आवश्यक पर्ने दाउरा महानगरपालिकाले व्यवस्थापन गर्ने जानकारी गराए।

डिभिजन वन कार्यालय, पर्सासँग आवश्यक दाउरा माग गरेको र आठ चट्टा दाउरा दिइने आश्वासन आएको नगरप्रमुख सिंहले बताए। नगरप्रमुख सिंहले महानगरले विभिन्न स्थानबाट सङ्कलन गरेका छ ट्रक रूखका जराहरू आवश्यक परेका ठाउँमा आगो बाल्न उपलब्ध गराउने पनि बताए।

बैठकमा सहभागी पर्साका सहायक प्रमुख जिल्ला अधिकारी महेशराज तिम्सिनाले चीसोको कारण आइपर्ने समस्या निराकरणको लागि सबैको सहयोग आवश्यक हुने बताए।

वडाध्यक्ष जगत साह कानूले विपत् जोखिम नक्शाङ्कन गरेर काम गर्न सकिए शीतलहर तथा अन्य विपत्बाट बच्न सहज हुने बताए।

अर्का वडाध्यक्ष रामकिशोर सिंह 'पराग'ले विपन्न वर्गको पहिचान गरेर उनीहरूको घरघरमैं न्यानो कपडा पुऱ्याउने व्यवस्था मिलाउन सके सदुपयोग हुने बताए।

यसैगरी, बैठकले छिमेकी देश चीन र भारतमा पुनः कोरोना सङ्क्रमण बढिरहेकाले सो सम्बन्धमा आवश्यक स्वास्थ्य सुरक्षा सतर्कता अपनाउन सचेतना कार्यक्रमहरू गर्ने निर्णय पनि गरेको महानगरले जनाएको छ।

आजको बैठकमा उपप्रमुख इम्तियाज आलम, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेल, वडाध्यक्षहरू, नेपाल रेडक्रस सोसाइटीका प्रतिनिधि, विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूको सहभागिता थियो।




# आयुर्वेद समिति गठन

प्रस, पर्सागढी, ७ पुस/

प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, वीरगंज, पर्साको आयोजनामा पर्सागढी नगरपालिका–३ स्थित नागरिक आयुर्वेद स्वास्थ्य केन्द्रमा बिहीवार भएको भेलाले नागरिक आयुर्वेद स्वास्थ्य समिति गठन गरेको छ।


तस्वीरः प्रतीक

वडाध्यक्ष सुकमान तामाङको अध्यक्षतामा ११ सदस्यीय समिति गठन भएको हो। समितिका सदस्यमा स्वास्थ्य शाखा प्रमुख रामदिनेश मुखिया, जनता मावि पकडिया बडनिहारका प्रअ मोहनप्रसाद चौधरी, आमा समूहकी कल्पना पौडेल, महिला स्वयंसेविका लेखाकुमारी नेपाल, समाजसेवी अरुणप्रकाश रेग्मी, अपूर्ण घिमिरे, नेत्रप्रसाद पौडेल, दीनदयाल दाहाल, पशुशाखा प्रमुख इन्द्रकुमार झा, सदस्य सचिव नागरिक आयुर्वेद स्वास्थ्य केन्द्रकी प्रमुख सङ्गीत कर्ण छन्।

समितिले आयुर्वेद स्वास्थ्य केन्द्रलाई अगाडि बढाउनको लागि विभिन्न किसिमको सहयोग गरिएको बताइएको छ।

साथै समितिले बेलाबखत टोलहरुमा आयुर्वेदसम्बन्धी जानकारी दिने तथा आयुर्वेद केन्द्रमा व्यायामहरू सिकाउने प्रमुख कर्णले बताइन्।

# खेलकूदको संसार

## नेपाल बङ्गलादेशसँग पराजित

काठमाडौं, ७ पुस/रासस

बङ्गलादेशमा बिहीवारदेखि शुरू भएको काभा यू–२३ पुरुष भलिबल च्याम्पियनशिपमा नेपाल आयोजक बङ्गलादेशसँग




पराजित भएको छ। बङ्गलादेशको राजधानी ढाकामा भएको उद्घाटन खेलमा नेपाल बङ्गलादेशसँग ०–३ को सोझो सेटमा पराजित भएको हो। बङ्गलादेशसँग नेपाल पहिलो सेटमा २४–२६ ले पराजित भयो भने दोस्रो सेटमा २२–२५ ले पराजित भयो। त्यसैगरी, नेपालले तेस्रो तथा अन्तिम सेट २१–२५ ले गुमायो। च्याम्पियनशिपमा आयोजक बङ्गलादेशसँगै नेपाल, श्रीलङ्का र किर्गिस्तान गरी चार टोलीको सहभागिता रहेको छ। नेपालले अब आफ्नो दोस्रो खेल भोलि श्रीलङ्कासँग खेल्नेछ।

## नेपाल टी–२० लिग क्रिकेट प्रतियोगिताको मिति फेरि सऱ्यो

काठमाडौं, ७ पुस/रासस

नेपाल क्रिकेट सङ्घको आयोजनामा हुने पहिलो संस्करणको नेपाल टी–२० क्रिकेट लिग प्रतियोगिता निर्धारित समयभन्दा एक दिनपछि सरेको छ।

यही पुस ८ गतेदेखि शुरू हुने भनिएको उक्त प्रतियोगिता अब पुस ९ गतेदेखि शुरू गरिने नेपाल क्रिकेट सङ्घका अध्यक्ष चतुरबहादुर चन्दले जानकारी दिएका छन्। उनले केही प्राविधिक कारणले प्रतियोगिता निर्धारित समयभन्दा एक दिनपछि सरेको बताए। उक्त प्रतियोगिताको मिति सरेको यो तेस्रो पटक हो। यसअघि असोज ८ र मङ्सिर २६ गते उक्त प्रतियोगिता सञ्चालन गर्ने तय भएको थियो।

# सबैलामा सडक दुर्घटनामा दुई युवकको मृत्यु

प्रस, जनकपुरधाम, ७ पुस/

धनुषा जिल्लाको सबैला नगरपालिकामा स्थित सडकमा विङ्गर गाडी र मोटरसाइकल एकापसमा ठोक्किंदा दुईजना युवकको मृत्यु भएको छ।

बिहीवार बिहान वीरेन्द्र बजारबाट सबैलातर्फ जाँदै गरेको ना.५ज ८४४० नम्बरको विङ्गर र ज.११प ५४७३ नम्बरको मोटरसाइकल ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकलमा सवार धनुषाको शहीदनगर नगरपालिका वडा नं ५ धवौली निवासी २० वर्षीय अरुण मण्डल र २५ वर्षीया ज्ञानी मण्डलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, धनुषाले जनाएको छ।

अरुणको घटनास्थलमैं र ज्ञानीको उपचारको क्रममा जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिए। घटनाबारे अनुसन्धान भइरहेको छ।

# जयसवाल प्रदेशसभा सदस्यमा मनोनीत

प्रस, सिम्रौनगढ, ७ पुस/

सिम्रौनगढ नगरपालिका–६ सिम्रौनगढमा बिहीवार नेकपा एमालेले जुलुस निकालेको छ।

नेकपा एमाले सिम्रौनगढ नगर कमिटी अध्यक्ष महेन्द्रप्रसाद जयसवालकी पत्नी राजपतीदेवी जयसवाल नेकपा एमालेबाट मधेस प्रदेशको समानुपातिकबाट प्रदेशसभा सदस्य मनोनीत भएको खुशियालीमा जुलुस निकालिएको थियो।

जयसवालको घर सिम्रौनगढ नपा–११ भगवानपुरबाट निकालिएको जुलुसले कचोर्वा, ठूलो इटवाल, सिम्रौनगढबजार, जानकीनगर, अमृतगंजलगायतका क्षेत्र परिक्रमा गरेको थियो।

जुलुसमा एमालेका जिल्ला सदस्य रामेश्वर यादव, रामजनम मुखिया, सुरेश कुशवाहालगायतका कार्यकर्ताहरूको सहभागिता थियो।

**चीसो मौसममा मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न**

- चीसोमा बाहिर ननिस्कौं,
- धूमपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायामलाई निरन्तरता दिऔं,
- हृदयरोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता स्वास्थ्य समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गराऔं,

**जाडोको जोखिमबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सूचना ! सूचना !! सूचना !!!

वीरगंज महानगरपालिका वडा नं २५ श्रीसियामा नगर विकास समिति, वीरगंजद्वारा प्रवर्द्धित आवास योजना अन्तर्गत विभिन्न व्यक्ति वा सङ्घसंस्थाले दुई दशकभन्दा अगाडि राज्यले गरिदिएको उक्त प्लटिङको जग्गा खरीद गरेदेखि नै आफ्नो जग्गा छुट्टिन नसकेर उपभोग गर्न नपाएर ठूलो पीडामा छौं। विभिन्न चरणमा सरोकारवाला केही जग्गाधनीको व्यक्तिगत पहलले समेत कुनै निष्कर्ष ननिस्केपछि सम्बन्धित जग्गाधनीहरूलाई तल उल्लिखित स्थानमा उपस्थित भई सम्बन्धित ठाउँमा विशेष पहल गर्न छलफलको लागि अनुरोध छ।

**विषयः**
**श्रीसिया आवास क्षेत्र, वडा नं २५ को नगर विस्तारको प्लटिङको समस्याबारे छलफल**
**स्थान : टिबडेवाल धर्मशाला, मेनरोड, वीरगंज**
**मितिः २०७९ पुस ९ गते (शनिवार), समयः दिउँसो ३:१५ बजे**

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |